महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सुर्नया गाउँपालिका


बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## सुर्नया गाउँपालिका
### बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सुर्नया गाउँपालिका

### बैतडी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं नेपाल
Anamnagar, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५७५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सुर्नया गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले सुर्नया गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ७ करोड ३६ लाख २२ हजार बेरुजू देखिएको छ। सोमध्ये रु. १ करोड ३८ लाख ६३ हजार प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजूमा असुल गर्नुपर्ने रू. २४ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २८ लाख ४ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड १६ लाख ३९ हजार र पेश्की रू. २९ लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रु १५ करोड ३४ लाख ९९ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड ७० लाख ४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

सुर्नया गाउँपालिका, बैतडी

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७४ | १५१ | ७३६२२ | ० | १ | १३८६३ | ७४ | १५० | ५९७५९ | २४१६ | ४१६३९ | १२८०४ | ० | ० | ५४४४३ | २९०० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

(रु हजारमा)

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ८.१ | अनुदान फिर्ता | १३८६३ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुर्नया गाउँपालिका बैतडी | १५३४९९ | ० | ४६२५४ | १०७२४५ | ० | ५९७५९ | १६७००४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : सुर्नया गाउँपालिका, बैतडी , सुर्नया गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | KAMALAPATI BHATT | २०७७-१०-६ | २०७८-१२-३० |
| कार्यालय प्रमुख | HIMANSU BHATT | २०७९-१-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | PREM RAJ BHATT | २०७७-१०-२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५९,७५९,०८३.५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७,३७,८६,२७७.१४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,२०,७२,००० | **चालु खर्च** | ३३,८३,८९,५२१.७७ |
| **प्रदेश सरकारबाट अनुदान** | १,६६,९०,००० | **पूँजीगत खर्च** | ९,११,११,५०३ |
| **राजश्व बाँडफाँट** | ६,६५,०१,५९४.९४ | **वित्तीय/अन्य व्यवस्था** | १७,६८,१६,६४२.२१ |
| **आन्तरिक आय** | १६,०९,८४४.८ | | |
| **अन्य आय** | १०,३८,८१,९४० | | |
| **कुल आय** | ५५,०७,५५,३७९.७४ | **कुल खर्च** | ६०,६३,१७,६६६.९८ |
| **बाँकी मौज्दात** | | १,८२,२३,९८९.९२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्द स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काम जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १२४.५ वर्गकिलोमिटर क्षेत्रफल तथा १८५४९ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण गरी मिति २०७९।५।२० मा छलफल सम्पन्न भएको छ, लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न छन् । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>गो भौ/मिति - ४७७/२०७९-०३-२६ मा किसान सुचिकरण कार्यक्रम अन्तर्गत पारिश्रामिक कर वापतको रकम रु १४५००/- कट्टा नभएकोले कार्यालयले मिति २०७९-०५-२३ राष्ट्रिय वाणिज्य बैंक लि,बैतडी राजश्व शिर्षक नं ११११२ मा असुल भई दाखिला भएको छ । | |
| ४ | | | **वित्तीय विवरण परीक्षण (स्थानीय तह)** | |
| ४.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्,<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको श्रेस्ताको मौज्दात भन्दा बैंक मौज्दात रु ९१,९८,७९०।६२ बढी देखिएको छ,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भएता पनि आर्थिक बिवरणले सम्पुर्ण कारोवार एकिकृत रूपमा प्रस्तुत गर्दैन। कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा रू ६२,४५,४१,६५६।९० को आर्थिक बिवरण पेश गरेकोमा सामाजिक सुरक्षाको रू ७,७७,४४,८३६।००, एकिकृत स्वास्थ्य पूर्वाधारको रू २,१६,६२,५२९।०० गरिबीसंग बिशेश्वर कार्यक्रमको रू ४,६४,०००।०० र सडक बोर्ड नेपालको रू ९,३१,१५७।०० गरी जम्मा रु १०,०८,०२,५२२।०० म.ले.प. फा. न.२७२ भन्दा बाहिर रहेको देखिन्छ ।<br>त्यसैले तोकेए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४.२ | | | **बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ताको साटन बाकी बिवरण बैक बाँकी मौज्दात भिडान गर्दा रू ९१,९८,७९०।६२ बैकमा बढी रहेको देखिएकोले फरक पर्न गएको बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता जोर बर्ष | ६२३९४४७।१० | ० | |
| २ | पुजिगत खर्च खाता जोर बर्ष | ९९१०९८३।०० | ० | |
| ३ | स्थानीय प्रकोप व्यवस्थापन कोष | ८९७१४।२० | ८९७१४।२० | |
| ४ | बिबिध खर्च खाता | २९७२४०।०० | ३०५३७४।०० | |
| ५ | स्थानिय संचित कोष | १६०९८४४।८० | २६८८६२३२।२५ | |
| ६ | धरौटी खाता | ३६४२३४५।७३ | ३७०७०४५।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>जम्मा</td><td>२१७८९५७४।८३</td><td>३०९८८३६५।४५</td><td>९१,९८,७९०।६२</td></tr></table> | |
| ४.३ | | | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालुतर्फ कुल ४३ कार्यक्रम मध्ये २ वटाको शुन्य प्रगति देखिन्छ र पुजिगततर्फ ११ कार्यक्रम मध्ये २ वटा कार्यक्रमको प्रगति शुन्य देखिन्छ । बजेट खर्च गर्ने तर खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ४.४ | | | **कट्टी रकम दाखिला नभएको :** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व कार्यबिधि ऐन २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवसथा छ । यस कार्यालयले आर्थिब बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाकी रहेको रू ३९,४३२।०० संघिय संचित कोष दाखिला गरेको देखिएन । अत कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखएको रु.<br><table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>४.४.१</td><td>कट्टी दाखिला नभएको</td><td>३९,४३२</td></tr></table> | ३९,४३२ |
| ५ | | | **आन्तरिक नियन्त्रण** | |
| ५.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको देखिएन,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,<br>• बैंक हिसाव मिलान गरेको देखिएन,<br>• कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो,<br>• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन, ·<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, ·<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी हरुको पद रिक्त रहेको पाइयो,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• पालिका कार्यालयले आर्थिब बर्ष २०७८।७९को आन्तरिक लेखापरिक्षण गराएको छैन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले उपर्युक्तानुसारका बिषयहरूमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरेर सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.२ | | | **बेरुजु लगतः** यस कार्यालयले बेरूजु सम्बन्धि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ५.३ | | | **सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली नियन्त्रण (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन्। सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ ।<br>१. कार्यालयको आफनो पहुच भन्दा बाहिरको निकायको पहुच रहेको,<br>२.सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन,<br>३. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन,<br>४. कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्न म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको ।<br>समग्र कारोवार एउटै सफ्टवेयरबाट नभएको कारण नगरपालिकाको वास्तबिक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |
| ५.४ | | | **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन। कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ,<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन । | |
| ५.५ | | | **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ | |

भ्रमण गरेका कर्मचारीहरूको म ले प फा नं ९०८ र ९०९ बमोजिम भ्रमणको अभिलेख तथा प्रतिवेदन व्यवस्थापन गरेको छैंन । नियमावलीको व्यवस्थाको पूर्णरुपमा कार्यान्वयन गर्नुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम (स्थानीय तह)**

६.१ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | १९४०२००० | १४१५७३९५ | ३।२९ |
| सामाजिक क्षेत्र | २९२०१७००० | २७२४९२५८७ | ६३।४४ |
| पूर्वाधार विकास क्षेत्र | १०९६३००० | १११२४७४२ | २।५९ |
| वित्तीय व्यवस्थापन र सुशासन | ५११९००० | ४६८०५९२ | १।०८ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४१८७४००० | १२७०४५७०७ | २९।५८ |
| **जम्मा** | **४७६४८५०००** | **४२९५०१०२४** | **९९।९९** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ६३.४४ प्रतिशत र बित्तिय व्यवस्थापनमा सबै भन्दा घटी १.०८ प्रतिशत रहेको छ ।

६.२ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक विवरण बनाई पेश गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | पूँजीगत खर्च | ११४८८५ | ० | १२५७३ | १०२३१२ | ७८५३७ |
| | कूल खर्चः | ११४८८५ | ० | १२५७३ | १०२३१२ | ७८५३७ |
| | खर्च प्रतिशत | १०० | ० | १०।९४ | ८९।०५ | ६८।३६ |

<table>
<tr><td></td><td></td><td></td><td>वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ८९.०५ र असाढ महिनाको ६८.३६ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>खर्च बिश्लेषण– पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १६०९८४४।८० राजस्व बाँडफाँड र अनुदानबाट रु ४४५२६३५९४।९४ समेत रु ४४६८७३४३९।७६ आम्दानी भएकोमा चालु तर्फ रु ३३८३८९५२१।७७र पूँजिगत तर्फ रु ९११११५०३ समेत रु ४२९५०१०२४।७७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।३७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा र ७१८५०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ४४६.३ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५।९९प्रतिशत चालु र २४ -प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>योजना र कार्यान्वयन–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष छनौट भएका कामका योजनाहरु देहायअनुसार छन्ः ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>२०३</td><td>१२५०८४०</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>७६</td><td>१०५६६१६</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>३४</td><td>११९६१९८३</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>९</td><td>८०४५७७९</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>३</td><td>२०१३२३५७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३२५</td><td>४२४४७५७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ७.१ | | | **जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४,५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने बिभिन्न मालसामान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने बिभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका खटिया, पलङ्ग समेतका सामाग्रीहरु ३ किसिमका ४ वटा रहेका छन् । जसमध्ये मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने ३ किसिमका ४ वटा सामाग्रीहरु मात्र रहेका छन् । प्रतिवेदनमा उल्लिखित सिफारिस बमोजिम कानूनी प्रकृया अपनाई सामाग्रीहरुको मर्मत गरेको पाइएन । कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम लिलाम तथा मर्मत गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ । | |
| ७.२ | | | **कोषको विवरणः** आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ (१) अनुसार कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको रहेको छ । पालिकाले विविध कोष र प्रकोप व्यवस्थापन कोष गरी २ वटा कोषहरुको व्यवस्था गरेको छ । कोषको आय प्राप्तिको उपयोग गर्न तथा संचालन र व्यवस्थापनको लागि कार्यविधि बनाई व्यवस्थित गर्नुपर्दछ । | |
| ७.३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेखलाई अद्यावधिक गर्नुपर्दछ । | |
| ८ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता (स्थानीय तह)** | |
| ८.१ | | | **अनुदान फिर्ता–**<br>***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.१,३८,६२,६१३ ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ८.२ | | | **अनुदानको अनुगमन–** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. ४,००,०००.०० तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. १,५०,०००.०० गरी रु. ५,५०,०००।०० खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आउने गरी कार्यान्वयन गर्नु पर्दछ । | |
| ८.३ | | | **नाफामूलक संस्थालाई अनुदान–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने | |

<table>
<tr><td></td><td></td><td></td><td>उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष शिखर बचत तथा ऋण सहकारी नाफामूलक संस्थाको कार्यालयको लागि रु १५००००।०० अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट सेबा प्रबाह हुने सुनिश्चित छैन ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ</td><td></td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च– पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. १७,३४,९००।०० भुक्तानी दिएको पाईयो ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>लक्ष्मी एग्रोभेट सेन्टर</td><td>बिउबिजन खरिद</td><td>८,६४,९००।००</td></tr>
<tr><td>२</td><td>सुरेन्द्र सिह धामी</td><td>ईन्धन भुक्तानी</td><td>८,००,०००।००</td></tr>
<tr><td>३</td><td>हर्क ब. बिष्ट</td><td>बिधालय परिक्षा संचालन</td><td>१,५०,०००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१७,३४,९००।००</td></tr>
</table>
अतः पुँजीगत बजेटबाट हुने यस्तो प्रकारको चालु प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापनः– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म २२ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, आन्तरिक लेखापरीक्षण, लेखा सहायक जस्ता पदहरु रिक्त रहेका छन् । पदपूर्तिमध्ये इन्जिनियर सहित ८ जना करारका कर्मचारी राखी पदपूर्ति गरिएको छ । स्वीकृत दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन,सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><td>९.२</td><td></td><td></td><td>करार कर्मचारीः– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले बिभिन्न पदमा ५६ जना करार कर्मचारीहरु राखी रु. १,४०,००,००० खर्च लेखेको छ ।<br>त्यसै गरी सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लिखित पद बाहेकको बिभिन्न करार नियुक्ति गरी बर्ष भरीमा रु. १८,४८,००० भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td>१,८४८,०००</td></tr>
<tr><td>९.३</td><td></td><td></td><td>तलबी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० को व्यवस्था अनुसार जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट निजामती कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नु पर्नेमा आर्थिक वर्ष २०७८।७९ मा पालिकाको स्थायीतर्फका ३३ जना र स्वास्थ्य तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत बेगर जम्मा रु. २,९९,४५,८८८.०० तलब भत्ता भुक्तान गरेको पाइयो । यसरी तलबी प्रतिवेदन पारीत नहुँदा ग्रेड समेत यकीन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेदन पारीत गरी मात्र तलब भत्ता भुक्तान गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९.४</td><td></td><td></td><td>वडा सचिवको पदपूर्तिः पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। रिक्त पदहरुको पदपूर्ति गर्नु पर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>८</td><td>८</td><td>२</td><td>६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छः
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१४८१</td></tr>
</table></td><td></td></tr>
</table>

| | |
|---|---|
| मृत्युदर्ता | २८० |
| बसाईसराई दर्ता | १०७ |
| विवाह दर्ता | २९४ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | 0 |
| कालोपत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण | ८ किमि |
| ग्राभेल सडक मर्मत | ८ किमि |

माथि उल्लिखित पालिकाले दिएको सेवा प्रवाहको स्थिति हेर्दा जन्मदर्ताको सेवा प्रवाह बाहेक अरु सेवा सन्तोषजनक देखिएन । यस बाहेक हेल्प डेस्क, टोकन सिस्टम, अनलाइन सिस्टम, गुनासो व्यवस्थापन, वेभपेज र अपाङ्गमैत्री भवन लगायतको सेवा प्रवाहको स्थिति देखिएन ।

११

**कोभिड आय र व्यय**

पालिकाले संघीय कोभिड कोषबाट रु. ८,८१,५०७ प्राप्त गरी औषधी तथा स्वास्थ्य उपकरण खरिदमा रु. ५,००,०००, खोप कार्यक्रममा खर्च रु. ७८,००० र जोखिम भत्तामा रु. ३,०३,५०७ खर्च भएको छ । पालिकाको कोभिडतर्फको आय र व्यय निम्न बमोजिम छः

| **आम्दानी स्रोत** | **रकम रु.** | **खर्च शिर्षक** | **रकम रु.** |
|---|---|---|---|
| गत बर्षको बाँकी | 0 | राहत वितरण | 0 |
| स्थानीय तहको आफ्नै बजेटवाट | | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | 0 |
| संघीय कोभिड कोषवाट | 881507 | औषधी एवं स्वास्थ्यउपकरण खरिद | 500000 |
| प्रदेश कोभिड कोषवाट | 0 | आइसोलेसन केन्द्र निर्माण | 0 |
| अन्य स्रोतबाट | 0 | खोप कार्यक्रम खर्च | 78000 |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>303507</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>0</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>0</td></tr>
<tr><td>जम्मा</td><td>881507</td><td>जम्मा</td><td>881507</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोष</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>समिति गठनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको र समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>कार्य योजनाः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोषः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले रु. २५,००,००० आम्दानी भई रु. २१,६२,७७५ खर्च गरी रु. ३,३७,२२५ मौज्दात बाँकी रहेको देखिन्छ । यस सम्बन्धी कार्यविधि बनाई कोषको प्रभावकारी प्रयोगमा ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.४</td><td></td><td></td><td>वार्षिक प्रतिवेदनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १३ | | | **कानून निर्माण र कार्यान्वयन**<br>नेपालको संविधान तथा संघीय र प्रदेश कानुनसँग नबाझिने गरी स्थानीय तहलाई कानुन बनाउने अधिकार छ । उत्पादन र वितरणको केन्द्र तथा सेवा प्रवाह र सुशासनको नमुना स्थानीय तहलाई बनाउनको लागि पनि आवश्यक कानुनहरु बनाउनु पर्दछ । यस पालिकाले विगतका वर्षहरुमा कार्यविधि तथा अन्य कानुनहरु निर्माण गरेको भए तापनि आर्थिक वर्ष २०७८।७९ मा विनियोजन ऐन र आर्थिक ऐन बाहेक अन्य कानुनहरु बनाएको देखिएन । स्थानीय तहले आफुलाई आवश्यक पर्ने कानुन निर्माणमा सरोकारवालाको सार्थक सहभागिता कायम गराइ तथ्यमा आधारित नीति तर्जुमा गर्नु आवश्यक छ । | |
| १४ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br>पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाँउपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १५ | | | **न्यायिक समितिको कार्यसम्पादनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । यस पालिकामा न्यायिक इजलास नरहेको तथा विगतको फछ्यौंट नभएको विवादको संख्या १, दर्ता भएको विवाद संख्या ३, यो आर्थिक बर्षमा फछ्यौंट भएको विवाद संख्या १ र फछ्यौंट हुन बाँकी विवादको संख्या ३ वटा रहेका छन । न्यायीक समितिको सक्षमताको विकास गरी कार्यप्रभावकररिता कायम गरी नागरिकको घर आँगनमा न्यायिक अभ्यासको प्रत्याभुती दिने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| १६ | | | **निजि विद्यालय व्यवस्थापनः**<br>यस पालिकामा ४ वटा निजी विद्यालय रहेका छन् । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन र अनुगमन प्रतिवेदन समेत सार्वजनिक गरेको छैन । | |
| १७ | | | **कन्टेन्जेन्सी रकम व्यवस्थापनः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा अनुसुची १ मा उल्लेख भए बमोजिम लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने तथा सोको खर्च गर्दा वर्क चार्ज खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले योजनाहरुको लागत अनुमानमा एकमुष्ट रुपमा ४ प्रतिशत कन्टेन्जेन्सी रकम कट्टी गरी इन्धन, अनुगमन मुल्याङ्कन, प्राविधिकको भत्ता,खाजा खर्च लगायतको कार्यको लागि खर्च लेखेको | |

| | | | | |
|---|---|---|---|---|
| | | | पाइयो । यस्तो प्रकारको खर्चले आयोजना कार्यान्वयनमा आइपर्ने जोखिम तथा सानातिना खर्चको लागि प्रयोग गर्नुपर्ने कन्टेन्जेन्सी खर्चको औचित्यता पुष्टि हुन सक्दैन । कन्टेन्जेन्सी रकमलाई व्यवस्थित गर्नको लागि कन्टेजेन्सी योजना बनाएर व्यवस्थित गरेको पाइएन । यसलाइ व्यवस्थित गर्नु पर्दछ । | |
| १८ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**<br>गाँउपालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाँउपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १९ | | | **बजेट तथा कार्यक्रम** | |
| १९.१ | | | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १९.२ | | | **बजेट तथा अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ को उपदफा १ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र सोही दफाको उपदफा ६ बमोजिम यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ को उपदफा १ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । बजेट स्विकृत हुँदा विनियोजन ऐन समेत पारित गर्नुपर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कलावती बिष्टले मिति २०७८।०३।१० गते रु ४७ करोड ६४ लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३ ।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०६ ।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । त्यस्तै २०७८।०४।०४ मा आर्थिक ऐन र २०७८।०६।१९ मा विनियोजन ऐन स्विकृत गरेको देखिन्छ । यस्तो अवस्थाले पालिकामा कानुनको पुर्णरुपमा पालना भएको छ भन्न सकिने अवस्था देखिएन । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १९.३ | | | | |
| १९.४ | | | **अवण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा अनुसार कुनैपनि स्थानीय तहले अवण्डामा बजेट राखी पटके निर्णयबाट कार्यान्वयन गर्नु गराउनु हुँदैन । पालिकाले आ. व. २०७८।७९ मा वजेट तर्जुमा गर्दा रु ५० लाख वजेट अवण्डामा राखी पटके निर्णय गरी संघीय र प्रदेश सरकारबाट प्राप्त समपुरक कोषबाट सञ्चालन हुने योजनामा खर्च गरेको पाइयो । यसरी अवण्डामा वजेट रकम राखे | |

| | | | | |
|---|---|---|---|---|
| | | | परिपाटीले स्थानीय तहमा विनियोजन कुशलता कायम हुन सक्दैन । यस प्रकारको प्रवृत्तिको अन्त्य गर्न आर्थिक वर्षको सुरुमा नै कुन योजनालाई कति रकम आवश्यक हुन्छ सोको आंकलन गरी बजेट तर्जुमा गर्नु पर्दछ । | |
| २० | | | **राजस्व संकलन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार प्रत्येक स्थानीय तहले आफ्नो सक्षमताको विकास गर्दै दिगो खालको विकास, शासन र सेवा प्रवाहको विधि अवलम्बन गरी आन्तरिक आय व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकाले रसिद नियन्त्रण खाता राखि प्रमाणित रसिद ठेलिहरु वडा कार्यालयहरुलाई हस्तान्तरण गर्नुपर्नेमा वडाहरुले आफै ठेलिहरु छपाई गरी बैंक दाखिला गरेको रकमलाई पालिकाले आम्दानी बाँध्ने गरेको पाईयो। त्यस्तै वडाहरुले प्रयोग गरेका ठेलिहरु अझै पनि पालिकालाई फिर्ता नगरेको, पालिका स्वयंमले राजस्व संकलन गरेका ठेलिहरुको संख्या यकिन हुन नसकेको तथा राजस्व रकम कानून बमोजिम समयमै बैंक दाखिला नगरेको, राजस्व संकलन गर्दा राख्नुपर्ने म.ले.प फाराम नं. राखेको पाईएन। साथै, पालिकाले राजस्व कति प्राप्त हुनुपर्नेमा कति प्राप्त भयो भनि भिडान परीक्षण गरेको पनि छैन । यस्तो अवस्थामा पालिकाले उपलब्ध गराएको बैक स्टेटमेन्ट अनुसार आम्दानी रु १६,०९,८४४.८० देखिएतापनि हुनुपर्ने राजस्व सम्बन्धमा यकिन तथा भिडान गर्न सकिएन। अतः पालिकाले राजस्व संकलन प्रकृयालाई नियमबद्ध बनाई स्वचालित विद्युतीय प्रणाली मार्फत राजस्व व्यवस्थापनलाई व्यवस्थित गर्नु पर्ने देखिन्छ। | |
| २१ | ६ | २०७९-३-८ | **गरिबसंग विश्वेश्वर कार्यक्रमः**<br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावलि, २०७६ को नियम १३(७) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न किसिमका फलफुलका कलमिहरु वितरण गर्दा आरु बखडाको ४०१ वटा कलमिहरु वितरण गरेको बिरुवाहरुको भरपाई नपाईएकाले वितरण भरपाई पेश गर्नु पर्ने रु. | २०,०५० |
| २२ | | | **सशर्त पुजिगत** | |
| २२.१ | | | **बिद्यालय निमार्णः** राष्ट्रिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम तथा विभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम कार्यालयले कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । त्यसरी नै आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा आर्थिक वर्षको अन्तसम्ममा काम सम्पन्न नभई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटीमा राख्न नहुने उल्लेख छ । कार्यालयले निम्न विद्यालयहरुको खातामा राष्टपति शैक्षिक सुधार कार्यक्रमको लागि रु ३६,००,०००।०० निकासा गरेको र तत्काले कतिपय कार्यक्रमको कार्यक्रम संचालन गर्न रोक्का समेत राखेको र हालसम्म पनि रोक्का अवस्थामा नै रहेको देखियो । अतः वार्षिक कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न र विल भरपाईको प्रमाणहरु पेश गर्नुपर्ने देखिएको रु. | ३,६००,००० |

| सि न | बिद्यालयको नाम | कार्याक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | भुमिराज आ. बि. ढोल | बिधालय कोठा निर्माण | १८,००,००० |
| २ | बासुदेव मा. बि. | बिधालय कोठा निर्माण | १८,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| | जम्मा | | ३६,००,०००।०० |

२२.२

**अनुदान ब्यवस्थापनः** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निधारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस गाउपालिकाले आ.वा. २०७८।७९ मा अनुदान दिएका निम्न बिधालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए,नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अत बिधालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भन्ने बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन तथा बिल भर्पाई पेश हुनु पर्दछ ।

| सि.न. | बिद्यालयको नाम | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | उदय देव मा. बि. | IT ल्याब स्थापना | ६५०००० |
| २ | पञ्चदेव मा. बि. | IT ल्याब स्थापना | ६५०००० |
| ३ | गलिनाथ आ. बि. | IT ल्याब स्थापना | ६५०००० |
| ४ | रौलेश्वर मा. बि. | IT ल्याब स्थापना | ६५०००० |
| ५ | केदार मा. बि. | IT ल्याब स्थापना | ६५०००० |
| ६ | उच्चोट मा.बि. | IT ल्याब स्थापना | ६५०००० |
| ७ | बासुदेव मा. बि. | IT ल्याब स्थापना | ६५०००० |
| ८ | डाडाबाध बिधालय | IT ल्याब स्थापना | ६५०००० |

२३

**भुक्तानी दिन बाँकीको विवरण**

आर्थिक तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७७।०७८ को भुक्तानी दिन बाँकी यस वर्ष भुक्तानी गरेको रु. ३,०३,५०७.५० नियमसंगत नदेखिएको रु

३०३,५०७

| क्र.सं. | गो.भौ/मिती | भुक्तानी लिने | प्रयोजन | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१</td><td>११०/२०७८-११-२०</td><td>८ कर्मचारी</td><td>जोखिम भत्ता</td><td>३,०३,५०७.५०</td><td>आ.व.२०७७/७८ कोरोना महामारीमा २०७७ चैत देखि २०७८ असारसम्म खटीए वापत</td></tr></table></td><td></td></tr>
<tr><td>२४</td><td>१४८</td><td>२०७९-१-९</td><td>बिल भर्पाई नभएकोः<br>१४८/२०७९/१/९ -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले पोषण कार्यक्रम बापत दिपेन्द्र बहादुर क्षेत्रीलाई रु. ९८,३००.० भुक्तानी गरेको पाईयो तर सो खर्च पुष्ट्याँई गर्ने आवश्यक बिल भर्पाई पेश नभएकोले कार्यक्रमको औचित्य,उदेश्य,उपलब्धि बारे एकिन गर्न सकिएन। सो कार्यक्रम गरेपश्चात भर्पाई वा सो को प्रमाण पेश गर्नुपर्ने रु.</td><td>९८,३००</td></tr>
<tr><td>२५</td><td>११०</td><td>२०७८-११-२०</td><td>कोभिड १९ जोखिम भत्ताः<br>कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ८ मा बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा संक्रमणको शंकास्पद तथा पुष्टि भएका बिरामीको नमूना संकलन गर्ने जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत, अप्रत्यक्ष संलग्न र ईमेजिङ सेवा प्रदायक जनशक्तिलाई शुरु तलब स्केलको पचहत्तर प्रतिशत र हेल्थ डेस्कमा खटिएका जनशक्ति तथा प्रयोगशाला परिक्षणका लागि संकलन गरिएको नमूना प्याकेजिङ्ग तथा ओसारपसारमा संलग्न तथा आइसोलेसनमा राखिएका र संक्रमण पुष्टि भई उपचाररत बिरामीहरुको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई दोहोरो नपर्ने गरी शुरु तलब स्केलको पचास प्रतिशत प्रदान गर्ने व्यवस्था छ ।कार्यालयले वाशुलिङ्ग स्वास्थ्य चौकीमा स्थापित आईसोलेसन सेन्टरमा कार्यरत र महामारी नियन्त्रणमा खटिएका ८ जना कर्मचारीहरुलाई २०७७ साल चैत देखि २०७८ साल असार महिनामासम्म महामारी नियन्त्रणमा खटिए बापत कर्मचारीलाई शुरु तलब स्केलको पचास प्रतिशतले हुने कुल रकम रु. ३,०३,५०७.५० भुक्तानी गरेको पाईयो।कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम खटिएका सबै कर्मचारीहरुलाई शुरु तलब स्केलको पचास प्रतिशत रकम प्रदान गरेको पाईयो । विद्यमान कानुनको परिधिभित्र रहेर दोहोरो नपर्ने गरी यस्ता भत्ताको व्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td>९५</td><td>२०७८-११-१८</td><td>बालबिकास पारिश्रामिक बढी निकासाः<br>पालिकाबाट प्राप्त विवरण अनुसार यस पालिकामा ३९ सामुदायिक विद्यालयका २५ जना बाल बिकास सहजकर्ता रहेको पाईयो ।पालिकाले बाल बिकास सहजकर्ताको दोस्रो चौमासिकको पारिश्रामिक भुक्तानी दिने क्रममा २५ बाल बिकास सहजकर्तालाई दिनुपर्नेमा २६ बाल बिकास सहजकर्तालाई निकासा भएकोमा बढी निकासा भएको रकम रु ३२०००/-(सिगास आ.वि. दोरा) सम्बन्धितबाट असुल हुनुपर्ने रु.</td><td>३२,०००</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>निःशुल्क पाठ्यपुस्तक वितरण भर्पाई नभएकोः</td><td>३६,८८२</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.४.६.१ को ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वापत पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान व्यवस्थापन गर्ने व्यवस्था रहेको छ।कार्यालयले निःशुल्क पाठ्यपुस्तक वितरण वापत ३९ विद्यालयलाई पहिलो पटकमा रु २५७२३८३/- निकासा गरेको पाईयो ।लेखापरीक्षण योजना अनुसार परीक्षण गर्दा देहाय बमोजिमका विद्यालयले पाठ्यपुस्तक वितरण गरे पश्चात बिल तथा भर्पाई पेश नभएकाले बिल,भर्पाई पेश हुनुपर्ने रु
<table>
<tr><th>क्र स</th><th>विद्यालयको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>उदयदेव मा.वि. पालिगडा</td><td>३६८८२/-</td><td>बिल तथा भर्पाई पेश नभएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६८८२/-</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२८</td>
<td></td>
<td></td>
<td>दिवा खाजा बढी निकासाः<br>
कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.११.१ को ७.१ मा दिवा खाजा कार्यक्रम अन्तर्गत स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक बाल बिकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबिकासहरुका लागि उपलब्ध गराउन विद्यालयगत तथ्याङ्कका आधारमा स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु १५/- का दरले १८० दिनका लागि विद्यालय अनुदान निकासा गर्नुपर्ने व्यवस्था रहेको छ।लेखापरीक्षण योजना अनुसार परीक्षण गर्दा पालिकाले देहाय बमोजिमका विद्यालयमा EIMS तथ्याङ्क भन्दा बढी निकासा भएको दिवा खाजा असुल हुनुपर्ने रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>EIMS विद्यार्थी संख्या</th><th>बढी निकासा भएको विद्यार्थी संख्या</th><th>दिवा खाजा दर</th><th>दिवा खाजा प्रदान गरेको दिन</th><th>बढी निकासा रकम</th></tr>
<tr><td rowspan="2">शंकर संस्कृत मा.वि.</td><td>२०(बाल बिकास)</td><td>३२(बाल बिकास)</td><td rowspan="2">रु १५/-</td><td rowspan="2">९० दिन</td><td>१६२००/-<br>(१२*१५*९०)</td></tr>
<tr><td>६४(१ देखि ५)</td><td>१०१(१ देखि ५)</td><td>४९९५०/-<br>(३७*१५*९०)</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६६१५०/-</td></tr>
</table>
</td>
<td>६६,१५०</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २९ | | | **अनुगमन प्रतिवेदन नभएकोः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत शिक्षा समितिको निणर्याथ तपशिल बमोजिमका छनौट भएका विद्यालयहरुलाई शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्युटर,इन्टरनेट,कनेक्टिभिटी इक्युपमेन्ट तथा Kits) खरिदका लागि अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले, माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ,किताब खरिद,तथा ई पुस्तकालय समेत)का लागि अनुदान बापत विद्यालयलाई रु ६५००००.० का दरले प्रदान गर्ने व्यवस्था रहेको छ ।पालिकाले उक्त अनुदान प्रदान गरेपश्चात शिक्षण सिकाईमा ICT को प्रयोग गरे नगरेको र पुस्तकालय स्थापना तथा व्यवस्थापन सम्बन्धि विद्यालयमा भएको प्रगति बारे अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ। | |

| क्र.सं. | विद्यालयको नाम | शिर्षक/कार्यक्रम | निकासा रकम |
|---|---|---|---|
| १ | केदार मा.वि. कठमडा | विज्ञान प्रयोशाला अनुदान | ६५००००.० |
| २ | बासुदेव मा.वि. लिस्किटा | विज्ञान प्रयोशाला अनुदान | ६५००००.० |
| ३ | रौलेश्वर मा.वि. रामकीवरायल | पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६५००००.० |
| ४ | गलिनाथ आ.वि. | पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६५००००.० |
| ५ | पञ्चदेव आ.वि. | पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६५००००.० |
| ६ | सिद्धनाथ आ.वि. धुलिधार | ICT Lab स्थापना तथा व्यवस्थापन अनुदान | ६५००००.० |
| ७ | केदार आ.वि. धुलिधार | ICT Lab स्थापना तथा व्यवस्थापन अनुदान | ६५००००.० |
| जम्मा | | | ४५५००००.० |

| | | | | |
|---|---|---|---|---|
| ३० | | | **अनियमित भत्ताः**<br>सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग समबन्धित अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ।कार्यालयको पदाधिकारी तथा कर्मचारीले विभिन्न कार्यक्रमको अनुगमन वापत देहाय बमोजिम अनुगमन वापत भुक्तानी गरेको देखियो ।केही प्रतिनिधि उदाहरणहरु निम्नानुसार छन् | १४४,००० |

<table>
<tr>
<td></td><td></td><td></td>
<td>
<table>
<tr><td>क्र.सं.</td><td>भौ/मिति</td><td>कार्यक्रम/प्रयोजन</td><td>सङ्ख्या</td><td>दर/दिन</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>४६२/२०७९-०३-२५</td><td>विद्यालय अनुगमन तथा निरीक्षण</td><td>२ पदाधिकारी लगायत ६ कर्मचारी</td><td>१५००/७ दिन</td><td>७५०००/-</td><td>अनुगमन भत्ता वापत</td></tr>
<tr><td>२</td><td>४६९/२०७९-०३-२५</td><td>भैंसी पकेट कार्यक्रम संचालन गर्नका लागि फर्म अनुगमन</td><td>१ पदाधिकारी लगायत ७ कर्मचारी(का.स.सहित))</td><td>१५०० र १०००/६ दिन</td><td>६९०००/-</td><td>अनुगमन भत्ता वापत</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१४४०००/-</td><td></td></tr>
</table>
अतः विद्यमान कानुन विपरित भुक्तानी दिएको रकम नियम सम्मत नदेखिएको रु.
</td>
<td></td>
</tr>
<tr>
<td>३१</td><td></td><td></td>
<td>व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमः<br>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल को वुंदा नं. ४.१.४ अनुसार कृषि पकेट सञ्चालन गर्ने आधार उल्लेख गरेको जसको लागि आवश्यक मापदण्ड निर्धारण भएको तथा वुँदा नं. ४.१.१३ मा पकेट कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले पटेकको प्रोफाइल तयार तथा अध्यावधिक गरि जिल्ला स्थित परियोजना कार्यान्वयन इकाइमा पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आ.व. २०७८/७९ मा २५ वटा फर्म तथा कृषक समुहलाई रु २१७५०००/- बराबरको अनुदान(बिउबिजन,च्याउ,पोलिहाउस,कृषि सामाग्रि,मल,विषादी) र ६ वटा फर्म तथा पशुपालन समुहलाई रु. ९,५०,०००/- बराबरको अनुदान(भैंसी/राँगा खरिद,घाँस,च्यापकटर) गरी कुल रु. ३१,२५,०००/- अनुदान प्रदान गरेको पाईयो।पालिकाले निर्देशिकाले तोकेको मापदण्ड अनुसार कृषक समुह योग्य भए नभएको तथा पालिकामा पकेट विकास कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन नगरेको पाईयो।खर्चमा मित्वययिता प्रभावकारिता लगायत पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापनतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३२</td><td></td><td></td>
<td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td>
<td></td>
</tr>
<tr>
<td>३२.१</td><td></td><td></td>
<td>प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालनन निर्देशिका, २०७५ ले बेरोजगारहरुको छनौट गर्दा कृषि उत्पादनले बर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित, बसोबासका लागी आफ्नै घर नभएको, एकल महिला घरमूली भएको परिवारको सदस्य, बार्षिक न्युनतम रोजगारी वापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको, परिवारका कोही पनि सदस्य रोजगारी नपाएको, शहिद परिवार वा बेपता परिवारका सदस्य लगायतका सूचकहरु निर्धारण गरि यस्ता सूचकहरुको आधारमा प्राथमिकतामा परेका व्यक्तीहरुलाई मात्र रोजगार दिने स्पष्ट व्यवस्था गरेको छ। श्रमिकले अनिवार्य बैंक खाता खोली पालिकाले ज्याला वापतको रकम खातामा पठाउनु पर्ने, कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी गर्नु पर्ने, योजना कार्यान्वयन क्रममा आवश्यक समन्वय र व्यवस्थापनका लागि योजना छनौट भएपछि योजना अवधिभरिका</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | लागि मात्र उपभोक्ता समिति गठन गरिने व्यवस्थाहरु पनि छन्। उल्लेखित अवस्थाहरुमा रहेर लेखापरीक्षण गर्दा देखिन आएका केहि प्रतिनिधि व्यहोराहरुः-<br>• पालिकाले ५२४१ आबदेन संख्याबाट सूचकहरुको आधारमा १०२७ प्राथमिकतामा परेकालाई रोजगारीको व्यवस्था मिलाउनु पर्नेमा आवेदन दिने सवै व्यक्तिहरु अर्थात कुल जनसंख्या २२,४५२ मा २३.३४ प्रतिशत जनसंख्यालाई बेरोजगार भनी रोजगारि दिएको देखियो। साथै, बैकिङ्ग प्रणालिबाट श्रमिकको खातामा भुक्तानी नगरि उपभोक्ता समितिको खातामा रकम पठाई डोर हाजिरबाट खर्च लेखेको रकम वास्तबिक र श्रम ऐन २०७४ को प्रावधान बमोजिम श्रमिकले पारिश्रामिक पाउने अधिकार सुनिश्चित भएको हो भन्न सकिने आधार देखिएन।<br>• वडाहरुमा योजना र श्रमिकको संख्या यकिन भएपछि एउटा योजनामा एक उपभोक्ता समिति रहनुपर्नेमा पालिकाको वडा नं ७ र ८ मा पहिले नै उपभोक्ता समिति गठन भई उक्त उपभोक्ता समितिलाई बजेट हस्तान्तरण गर्ने र उक्त उपभोक्ता समितिले एक भन्दा वढी योजनाहरु सञ्चालन गर्ने गरेको पाईयो।<br>• उल्लेखित अवस्थाहरु निर्देशिका बिपरित भएकाले यस कार्यक्रममा पालिकाले बाटो, टंकी, शौचालय घेरबार जस्ता १०२ योजनाहरु सञ्चालन गरि रु ५,८४,७६,०००.०० खर्च लेखेको रकम बास्तविक र नियमसम्मत हो भन्न सकिएन। अतः गाँउपालिकाले यसरी प्रधानमन्त्री रोजगार कार्यक्रममा गरेको खर्च वास्तबिक बेरोजगारले पाए नपाएको छानबिन गरी यकिन गर्नु पर्ने देखिन्छ। साथै वडा ५ मा सञ्चालित रोड मर्मत र बाटो निर्माण योजना कार्य सम्मपन्न नभएको तर उपभोक्ता समितिको अध्यक्ष्यको खातामा भुक्तानी भईसकेको पाईएकाले यस्ता आयोजनाहरु कति छन पालिकाले पहिचान गरि आवश्यक कारबाहि गर्नु पर्ने देखिन्छ। | |
| ३२.२ | २८९ | २०७९-३-१० | कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ बमोजिम श्रमिकको ज्याला भुक्तानी गर्दा प्राविधिक प्रतिवेदनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु २९६०९९ को कार्य सम्पन्न भएको ब्यहोरा भएपनि रु ३,००,००० भुक्तानी दिईएको पाइयो । मुल्याङ्कनभन्दा ३९०१.०० बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ३,९०१ |
| ३३ | | | **शिक्षक दरबन्दी र पदपूर्तिः**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको कुल शिक्षक दरबन्दी १६७ रहेकोमा १६६ मात्र पदपूर्ती भएको छ । सो मध्ये ७३ जना राहत र १० जना करारका शिक्षक कार्यरत रहेका छन् ।दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |
| ३४ | ३१ | २०७९-३-२५ | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>नागरिको मौलिक हक अन्तर्गत आवासको हक कार्यान्वयनको क्रममा सरकारले गरिबी, प्रकोप तथा अन्य कारणहरुले खर तथा परालको छाना मुनी बस्न बाध्य घर परिवालाई जस्ताको छाना मुनी ल्याउने उद्देश्यले त्यस्ता घर परिवारलाई प्रति घर परिवार रु. ५०,००० का दरले अनुदान दिने गरि यस कार्यक्रम कार्यान्वयनमा ल्याएको हो। सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ ले खर वा | १३,८८९ |

| | | | | |
|---|---|---|---|---|
| | | | परालको छाना भएका घर परिवार मात्र लाभग्राहि लागि योग्य हुने, निर्धारित सूचकहरुको अकंका आधारमा लाभग्राहीको प्राथामिकीकरण गर्ने, पहिलो किस्तामा ६० र कार्य सम्पन्न भएपछि बाँकि ४० प्रतिशतको दरले भुक्तानी गर्ने जस्ता व्यवस्थाहरु गरेको छ। तर पालिकाले सम्झौता गर्दा घरको फोटोहरु नराखेकाले कार्यसम्पन्न पछि प्रमाणका रुपमा पेश भएका फोटोहरुमा ढुङ्गासिमेन्टको गारो तथा पिलर राखिएका घरहरु पनि पाईएकाले यस्ता घर परिवारहरु लाभग्राही योग्य भए नभएको यकिन गर्न नसकिएको, प्राथमिकीकरण नगरि आवेदकहरुसँग सम्झौता गर्दा पहिलो किस्ता बापत करिव २८ प्रतिशत रकम मात्र लाभग्राहिले भुक्तानी प्राप्त गरेको अवस्था देखियो। यस कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा जम्मा बजेट रु.२०,००,००० मध्ये १०६ जना लाभग्राहीहरुको पहिलो किस्ता बापत रु. १३,८८९।६२ का दरले रु. १४,७२,३०० खर्च गरेको र बाँकी रकम रु. ५,२७,७०० आ. ब. २०७७/०७८ को अन्तिम किस्ता बापतको भुक्तानी गरेको देखिन्छ। उल्लेखित अवस्थाहरुले कार्यक्रमको औचित्यतता र प्रभावकारितामा असर पार्ने भएकाले आगामि आर्थिक वर्षहरुमा कार्यक्रम उद्देश्य अनुरुप बास्तविक लाभग्राहीले अनुदान पाउने सुनिश्चित हुने गरि पालिकाले सरोकारवालहरुसँग सहकार्य तथा समन्वय गर्नु पर्ने देखिन्छ। साथै पहिलो किस्ताबापत १०५ जनालाई भुक्तानी गर्नुपर्नेमा १०६ जनालाई भुक्तानी भएकाले असुल उपर गर्नुपर्ने रकम रु. | |
| ३५ | | | **चालु खर्चतर्फ** | |
| ३५.१ | | | **प्रमाण पेश गर्नुपर्ने:** भ्रमण खर्च नियमावली, २०६४ को नियम ६ (१) मा पदाधिकारी वा कर्मचारीले काजमा वा भ्रमणमा जाँदा आफूले यात्रा गर्दा खरिद गरेको टिकट, बोर्डिङ्ग पास तथा प्रमाण पेश गरेमा सोधभर्ना पाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम टिकट, बोर्डिङ्ग पास र भ्रमण खर्चको प्रमाण बेगर रु. ३७,००० भुक्तानी गरेको हुनाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. | ३७,००० |

| **क्र.सं.** | **भौ.नं.र मिति** | **नाम** | **विवरण** | **खर्च रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | १४।०७८।६।२३ | सुरेन्द्र सिंह धामी | २०७८।४।१७ देखि ०७८।४।२२ सम्म | ६००० | भ्रमण खर्चको बील भरपाई नभएको । |
| २ | २४५।०७८।१०।१८ | लिला कुमारी विष्ट | धनगढी देखि काठमाण्डौं (०७८।६।२०) | ५००० | बोर्डिङ्ग र टिकट नभएको । |
| | | | काठमाण्डौं देखि धनगढी (०७८।६।२२) | ५००० | बोर्डिङ्ग र टिकट नभएको । |
| | | | ०७८।९।१ देखि ०७८।९।७ सम्म | ७००० | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">३</td><td rowspan="2">३६३।०७८।११।२०</td><td rowspan="2">लिला कुमारी विष्ट</td><td>०७८।१०।२१ देखि ०७८।१०।२७ सम्म</td><td>७०००</td><td rowspan="2">भ्रमण खर्चको बील भरपाई नभएको ।</td></tr>
<tr><td>०७८।१०।२ देखि ०७८।१०।८ सम्म</td><td>७०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३७०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>घर भाडाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्लाप्रशासन कार्यालय जिल्लाविकास समिति र को.ले.नि.का. को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले बिभिन्न वडाकार्यालय लगायत अन्य कार्यका लागि घरभाडा बापत रु. ९,९६,५०० भुक्तानी गरेको देखियो । घर भाडामा लिँदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५.३</td><td></td><td></td><td>खाजा भत्ताः भौ.नं. ५४२।०७९।२।२७, अर्थ मन्त्रालयको कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार कार्यक्रममा खाजा भत्ताको दर रु. २०० मात्र रहेको छ । पालिकाको विनोद प्रसाद अवस्थिको महिला लक्षित कार्यक्रममा रु. ४,९७,१३० खर्च भएकोमा उक्त कार्यक्रमको नर्मसमा वडा नं. १ देखि वडा नं. ८ सम्मका महिला स्वयंसेवकहरुलाई खाजा भत्ताको दर रु. ४५०० राखी सोही बमोजिम रु. २,९७,००० खर्च गरेको अनियमित देखिएको रु.</td><td>२९७,०००</td></tr>
<tr><td>३५.४</td><td></td><td></td><td>प्रशिक्षक भत्ताःअर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को ७.१.१५ को ४ (क) बमोजिम अधिकृतस्तरको तालिममा बाह्य प्रशिक्षकलाई प्रति सेसन बाचन बापत भत्ता रु. १४००। तथा कार्यपत्र बापत रु. २००० को दरले थप भत्ता तथा सहायकस्तरको तालिमको लागि प्रशिक्षकलाई बाचन बापत रु. ७०० तथा कार्यपत्र बापत रु. ८०० थप भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपत्र बेगर प्रति सेसन बाह्य अधिकृतस्तर प्रशिक्षकलाई रु. २५०० तथा सहायकस्तरको प्रशिक्षकलाई रु. २०००, रु. १५०० तथा रु. १३०० को दरले देहाय बमोजिम भुक्तानी गरेको पाइयो । निर्देशिका विपरीत तालीमका लागि भुक्तानी भएको बढी रकम रु. ६६,४७० सम्बन्धित प्रशिक्षकबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>प्रशिक्षक</th><th>सेसन/कक्षा</th><th>कर कट्टी गरि भुक्तानी दिनुपर्ने रु.</th><th>कर कट्टी गरि भुक्तानी भएको रु.</th><th>असूल गर्नुपर्ने रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>बिरेन्द्र बहादुर बोहरा (ना.प्र.स.)</td><td>१३</td><td>७७३५</td><td>१६५७५</td><td>८८४०</td><td>७ दिने तरकारी खेती सम्बन्धी स्थलगत तालिम</td></tr>
</table>
</td><td>६६,४७०</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ओम प्रकाश पन्त (ना.प्र.स.) | १५ | ८९२५ | १९१२५ | १०२०० | |
| ३ | गोकर्ण प्रसाद भट्ट | ३२ | १९०४० | ४०८०० | २१७६० | सीप विकास तालीम |
| ४ | कर्णदिव भट्ट (वडा सचिव) | ३ | १७८५ | ३८२५ | २०४० | हिंसा सम्बन्धी अभिमुखीकरण तालिम |
| ५ | महानन्द जोशी (सा.प.) | ४ | २३८० | ५१०० | २७२० | |
| ६ | जानकी चन्द (सा.प.) | ५ | २९७५ | ६३७५ | ३४०० | |
| ७ | शरद प्रसाद पन्त (ना.प्र.स.) | ३ | १७८५ | ३८२५ | २०४० | व्यवसायिक पशुपालन तालीम |
| ८ | विनोद चन्द (ना.प्र.स.) | ३ | १७८५ | ३८२५ | २०४० | |
| ९ | मन्जु भट्ट (पा.पो.स.) | ३ | १७८५ | ३८२५ | २०४० | |
| १० | राम महरा (ना.प्र.स.) | ३ | १७८५ | ३८२५ | २०४० | |
| ११ | विरेन्द्र बहादुर बोहरा (ना.प्र.स.) | ४ | २३८० | ५१०० | २७२० | महिला लक्षित कार्यक्रम |
| १२ | परमानन्द अवस्थि (सा.प.) | २ | ११९० | २५५० | १३६० | |
| १३ | शान्ति कुँवर (सा.प.) | ४ | २३८० | ५१०० | २७२० | |
| १४ | निर्मला चन्द (सा.प.) | २ | २ | ११९० | २५५० | |
| जम्मा | | | | | ६६४७० | |

| | | | | |
|---|---|---|---|---|
| ३५.५ | | | **प्रयोजन विहिन खर्चः** कार्यलयले निम्न खर्चहरुको प्रयोजन, कार्यक्रम,कार्यविधी सहभागिता तथा खर्च पुष्टयाई हुने यथेष्ठ प्रमाण संलग्न नगरी भुक्तानी दिएको छ । यसरी प्रयोजन विहिन खर्च गर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । यसरी पुष्टयाइ बेगर खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु. | ४६७,५०० |

| भौ.नं.र मिति | विवरण | खर्च रकम रु. |
|---|---|---|
| ८५।०७८।८।१९ | लिलाकुमारी विष्टले सम्झौता गर्नु भएको गाडीभाडा | ९७५०० |
| ८६।०७८।८।१९ | लिलाकुमारी विष्टले सम्झौता गर्नु भएको गाडीभाडा | ९९००० |
| ५२८।०७९।२।२६ | लिलाकुमारी विष्टले सम्झौता गर्नु भएको गाडीभाडा | २७१००० |
| जम्मा | | ४,६७,५०० |

३५.६

**सोझै खरीदः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु. २६,५१,२८५ सोझै खरीद गरेको पाइयो । केही प्रतिनिधि उदाहरणहरु निम्नानुसार छन । अतः प्रतिष्पर्धा नगरी सोझो खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ ।

| गो.भौ.नं. मिति | खरीद गरेको फर्म | सामानको विवरण | रकम रु. |
|---|---|---|---|
| ५२।०७८।७।१६ | उग्रतारा ट्रेडिङ्ग हाउस | कम्प्युटर सामाग्री | २४५६०५ |
| ११९।०७८।९।११ | के.वि.ट्रेडर्स एण्ड सप्लायर्स | कम्प्युटर सामाग्री | ९०४०० |
| ११९।०७८।९।११ | मुनलाइट कम्प्युटर | कम्प्युटर सामाग्री | ३९७०० |
| १२७।०७८।९।११ | के.वि.ट्रेडर्स एण्ड सप्लायर्स | कम्प्युटर सामाग्री | ९८८१८ |
| १२८।०७८।९।११ | मुनलाइट टेक्निकल कम्प्युटर एजुकेशन | कम्प्युटर सामाग्री | २४५४०५ |
| ३१५।०७८।११।७ | मुनलाइट कम्प्युटर | कम्प्युटर सामाग्री | ७७४२१ |
| ३१५।०७८।११।७ | मुनलाइट टेक्निकल कम्प्युटर एजुकेशन | कम्प्युटर सामाग्री | १८५९५९ |
| ३१७।०७८।११।७ | के.वि.ट्रेडर्स एण्ड सप्लायर्स | कम्प्युटर सामाग्री | ९७७४५ |
| ६०७।०७९।३।८ | के.वि.ट्रेडर्स एण्ड सप्लायर्स | कम्प्युटर सामाग्री | ९९८९२ |

| | | | |
|---|---|---|---|
| ११३।०७८।९।८ | खुशी जनरल स्टोर | कार्यालय सामाग्री | ९९२६० |
| ११८।०७८।९।११ | आदर्श स्टेशनरी एण्ड सप्लायर्स | कार्यालय सामाग्री | १९६८४६ |
| ११९।०७८।९।११ | आदर्श स्टेशनरी एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ७५३७१ |
| १२२।०७८।९।११ | आदर्श स्टेशनरी एण्ड सप्लायर्स | कार्यालय सामाग्री | १८३८५१ |
| ५८९।०७९।३।२ | खुशी जनरल स्टोर | कार्यालय सामाग्री | ९८१५० |
| ५९६।०७९।३।२ | आदर्श स्टेशनरी एण्ड सप्लायर्स | कार्यालय सामाग्री | १२७४१८ |
| ६७५।०७९।३।२३ | लक्ष्मी ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामाग्री | १६३५०० |
| ३४५।०७८।११।१९ | आदर्श स्टेशनरी एण्ड सप्लायर्स | कार्यालय सामाग्री | १३२१४० |
| ३१८।०७८।११।७ | आदर्श स्टेशनरी एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ३९३८०४ |
| जम्मा | | | २६,५१,२८५ |

| | | | | |
|---|---|---|---|---|
| ३५.७ | | | **पदाधिकारी अनुगमन भत्ताः** सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुविधा भन्दा बढी सुविधा लिन नपाउने व्यवस्था रहेको छ ।यस पालिकाका पदाधिकारी तथा कर्मचारीहरु समेतले रु. १००० को दरले पालिकाको बिभिन्न कार्यक्रममा अनुगमन/सहभागिता वा भ्रमण गरे बापत कर कट्टी पछि रु. ८५० को दरले देहाय बमोजिम भुक्तानी भएको पाइयो । नियमसम्मत नदेखिएको अनुगमन भत्ता रु. | १,२८१,२९० |

| **भौ.नं.र मिति** | **विवरण** | **भुक्तानी रु.** | **कर कट्टी पछि भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ९१।०७८।८।२० | वडा नं. ७ का ७ जना पदाधिकारी तथा व्यक्ति | ४९००० | ४१६५० | पसल तथा बजार अनुगमन भत्ता ७ दिनको |
| ९५।०७८।८।२० | वडा नं. ५ का ६ जना पदाधिकारी तथा व्यक्ति | ३०००० | २५५०० | उपभोक्ताको योजना अनुगमन तथा मूल्याङ्कन भत्ता ५ दिनको |
| १४९।०७८।९।१८ | वडा नं. ६ का ६ जना पदाधिकारी | १२६००० | १०७१०० | क्रमागत योजनाहरु २१ दिनको अनुगमन भत्ता |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १९४।०७८।१०।११ | वडा नं.८ का ७ जना पदाधिकारी | ८४००० | ७१४०० | अनुगमन भत्ता १२ दिनको | |
| | | | ३४२।०७८।११।१९ | वडा नं.६ का ७ जना पदाधिकारी | १७६४०० | १४९९४० | क्रमागत योजना अनुगमन भत्ता रु. १२०० को दरले २१ दिनको | |
| | | | ३५३।०७८।११।२० | वडा नं.७ का ९ जना पदाधिकारी | ६३००० | ५३५५० | बजार पसल अनुगमन भत्ता ७ दिनको | |
| | | | ३८५।०७८।१२।८ | वडा नं.८ का ९ जना पदाधिकारी | ६३००० | ५३५५० | अनुगमन गरे बापत ७ दिनको भत्ता | |
| | | | ४५५।०७९।१।१२ | वडा नं.२ का ६ जना पदाधिकारी | ७२००० | ६१२०० | योजना अनुगमन गरे बापत १२ दिनको भत्ता | |
| | | | ४७८।०७९।१।१५ | वडा नं.५ का ७ जना पदाधिकारी | ३५००० | २९७५० | योजना अनुगमन गरे बापत ५ दिनको भत्ता | |
| | | | | वडा नं.५ का ८ जना पदाधिकारी | ४०००० | ३४००० | योजना अनुगमन गरे बापत ५ दिनको भत्ता | |
| | | | ५३६।०७९।२।२७ | वडा नं.७ का ७ जना पदाधिकारी | ४९००० | ४१६५० | योजना अनुगमन गरे बापत ७ दिनको भत्ता | |
| | | | ५४२।०७९।२।२७ | ४ जना पदाधिकारी | ४२००० | ३५७०० | महिला लक्षित कार्यक्रममा सहभागिता भत्ता ७ दिनको | |
| | | | ५५०।०७९।२।२९ | वडा नं.३ का ७ जना पदाधिकारी | ४९००० | ४१६५० | योजना अनुगमन गरे बापत ७ दिनको भत्ता | |
| | | | ६१८।०७९।३।१० | वडा नं.५ का ९ जना पदाधिकारी | ९०००० | ७६५०० | योजना अनुगमन गरे बापत १० दिनको भत्ता | |

| | | | | |
|---|---|---|---|---|
| ६३५।०७९।३।१७ | वडा नं.३ का ७ जना पदाधिकारी | २१००० | १७८५० | योजना अनुगमन गरे बापत ३ दिनको भत्ता |
| | वडा नं.३ का ५ जना पदाधिकारी | २५००० | २१२५० | योजना अनुगमन गरे बापत ५ दिनको भत्ता |
| | वडा नं.३ का ७ जना पदाधिकारी | २१००० | १७८५० | योजना अनुगमन गरे बापत ३ दिनको भत्ता |
| | वडा नं.३ का ७ जना पदाधिकारी | २८००० | २३८०० | योजना अनुगमन गरे बापत ४ दिनको भत्ता |
| ६३९।०७९।३।१७ | वडा नं.१ का ५ जना पदाधिकारी | ७५००० | ६३७५० | योजना अनुगमन गरे बापत १५ दिनको भत्ता |
| | वडा नं.१ का ७ जना पदाधिकारी | ६९००० | ५८६५० | योजना अनुगमन गरे बापत १० दिनको भत्तामा १ दिनको एक जनाको घटी |
| | वडा नं.१ का ७ जना पदाधिकारी | ५६००० | ४७६०० | योजना अनुगमन गरे बापत १०,७ र ९ दिनको क्रमशः भत्ता फरक दिन |
| ६४६।०७९।३।१७ | वडा नं.४ का ६ जना पदाधिकारी | ३०००० | २५५०० | योजना अनुगमन गरे बापत ५ दिनको भत्ता |
| ६५३।०७९।३।१७ | वडा नं.२ का ७ जना पदाधिकारी | ६३००० | ५३५५० | योजना अनुगमन गरे बापत ६ दिनको भत्ता |
| ६७३।०७९।३।२३ | वडा नं.७ का ७ जना पदाधिकारी | ४२००० | ३५७०० | योजना अनुगमन गरे बापत ६ दिनको भत्ता |
| ७११।०७९।३।२५ | पालिकाका बिभिन्न ६ जना पदाधिकारी | ९९००० | ८४१५० | पालिका अन्तर्गत विद्यालयको अनुगमन तथा निरीक्षण गरे |

| | | | | |
|---|---|---|---|---|
| | | | | बापत १२ दिनको १ जना ६ दिनको मात्र |
| ७४१।०७९।३।३२ | पालिकाका २ जना पदाधिकारी | १०००० | ८५०० | महिला नेतृत्व सम्बन्धी अभिमुखीकरण अनुगमन भत्ता |
| जम्मा | | | १२,८१,२९० | |

३५.८

**भ्रमण प्रतिवेदनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा खर्चको बील भरपाई सहित दैनिक भ्रमण भत्ता पाउनेले भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाका बिभिन्न कर्मचारीले बिभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बील अनुसार बजेट खर्च लेखेको रु. १४,९३,१२४ को भ्रमण प्रतिवेदन राखेको छैन् । तसर्थ, नियमावलीमा भएको व्यवस्थालाई पालना गर्नु पर्दछ ।

३५.९

**भ्रमण खर्च :** सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.

· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३५.१०

**लागत अनुमान नभएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) बमोजिम रु. १ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय बमोजिम खरिद गरे बापत रु. १३,४१,२०० भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार पारेको छैन्। तसर्थ, लागत अनुमान बिना भुक्तानी भएको लागत यकीन गर्न सकिएन ।

| **क.सं.** | **भौ.नं.र मिति** | **विवरण** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|
| १ | १०३।०७८।८।२० | संगठन तथा व्यवस्थापन सर्भे रिपोर्ट (समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि., ललितपुर) | ४९७२०० |

| | | | | |
|---|---|---|---|---|
| २ | ५२९।०७९।२।२६ | सामुदायिक रेडियो सगुनबाट सूचना प्रशारण (अल म्यानेज मिडिया एजेन्सी प्रा.लि.) | २००००० | |
| ३ | ५३२।०७९।२।२६ | बृत चित्र निर्माण (अल म्यानेज मिडिया एजेन्सी प्रा.लि.) | १००००० | |
| ४ | ५९८।०७९।३।२ | सूचना प्रशारण (रेडियो सम्सेर) | १००००० | |
| ५ | ६१३।०७९।३।१० | डकुमेन्ट्री निर्माण वडा नं. ४ (सुप इन्टरटेन्मेन्ट हाउस) | १४४००० | |
| ६ | ७१२।०७९।३।२५ | सन्देशमूलक सूचना प्रकाशन (सामूदायिक रेडियो अमरगढी) | ३००००० | |
| जम्मा | | | १३४१२०० | |

३५.११ | **बेरितको कर विजकः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढांचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सोफर्महरुले जारी गरेको विजकमा निम्नानुसार कैफियत देखिएको मुल्य अभिवृद्धि कर रकम रु. ५३,३९५ सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ५३,२९५

| क.सं. | भौ.नं. मिति | भुक्तानी पाउनेको नाम | प्याननं. | विजक मिति | विजक नं. | विजक रकम | समायोजन गर्नुपर्ने मु.अ. कर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६९२।०७९।३।२५ | प्रोसेस इन्जिनियरिङ्ग सर्भिस | ६०९६२२६४५ | २०७९/३/2४ | २३ | ९२०३४.८ | ४६०१७ | हातले लेखेको |
| २ | ७०५।०७९।३।२५ | जे.डी. ग्रुप अप कम्पनी | ११९७९१८३७ | २०७९।३।२३ | ७ | १४७५५ | ७३७८ | हातले लेखेको |
| **जम्मा** | | | | | | | ५३३९५ | |

<table>
<tr>
<td>३५.१<br>२</td>
<td></td>
<td></td>
<td>

**वितरण गरेको भरपाई पेश नभएको:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण गरेको भरपाई पेश नभएकोले भरपाई पेश गर्नुपर्ने अन्यथा रु. ९२७०२७ सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>४२१।०७८।१२।२२</td><td>पोली हाउस ५ को रु. ११०६१.३४ को दरले</td><td>६२४९७</td><td>२८ पोली हाउस मध्ये ५ वटा मात्र बितरण गर्न बाँकी।</td></tr>
<tr><td>५३४।०७९।२।२६</td><td>ओमप्रकाश पन्त (कार्यक्रम खर्च)</td><td>२०२७००</td><td>काउली, बन्दा र टमाटर वितरण गरेको भरपाई पेश नभएको ।</td></tr>
<tr><td>५८७।०७९।३।२</td><td>न्यू भट्ट ब्रदर्श ट्रेडर्स एण्ड सप्लायर्सबाट खरिद</td><td>४९८३३०</td><td>पाइप वितरण गरेको भरपाई पेश नभएको ।</td></tr>
<tr><td>६७५।०७९।३।२३</td><td>लक्ष्मी ट्रेड एण्ड सप्लायर्सबाट खरिद</td><td>१६३५००</td><td>झोला, रेनकोट र छाता वितरण गरेको भरपाई पेश नभएको ।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९२७०२७</td><td></td></tr>
</table>

</td>
<td>९२७,०२७</td>
</tr>
<tr>
<td>३५.१<br>३</td>
<td></td>
<td></td>
<td>

**प्रमाण कागजात बेगर भुक्तानी:** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>नाम</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>२४८।०७८।१०।१९</td><td></td><td>पदाधिकारी बैठक भत्ता</td><td>४,२६,०००</td><td>बैङ्क दाखिलाको स्टेटमेन्ट पेश गर्नुपर्ने ।</td></tr>
<tr><td>२</td><td>३२१।०७८।११।१८</td><td></td><td>नीजि शिक्षकको दोस्रो किस्ता अनुदान</td><td>८८,६०,१३२</td><td>बैङ्क दाखिलाको स्टेटमेन्ट पेश गर्नुपर्ने ।</td></tr>
<tr><td>३</td><td>४०४।०७८।१२।२०</td><td></td><td>महिला लक्षित कार्यक्रम वडा नं.५</td><td>२०००००</td><td>कार्यक्रमको नर्मस नभएको ।</td></tr>
</table>

</td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ४२१।०७८।१२।२२ | | दलित लक्षित कार्यक्रम | ३५०००० | कार्यक्रमको नर्मस, प्रतिवेदन र फोटो नभएको । |
| ५ | ४२२।०७८।१२।२२ | | दलित लक्षित कार्यक्रम | ४००००० | कार्यक्रमको नर्मस, प्रतिवेदन र फोटो नभएको । |
| ६ | ५०९।०७९।१।२४ | | नीजि शिक्षक अनुदान | १३२००० | बैङ्क दाखिलाको स्टेटमेन्ट पेश गर्नुपर्ने । |
| ७ | ५३७।०७९।२।२७ | कर्णदेव भट्ट | अपाङ्ग लक्षित कार्यक्रम | १६६९५० | कार्यक्रमको नर्मस नभएको । |
| ८ | ५४२।०७९।२।२७ | विनोद प्रसाद अवस्थि | महिला लक्षित कार्यक्रम | ४९७१३० | कार्यक्रमको नर्मस अनुसार नभएको । |
| ९ | ६५२।०७९।३।१७ | विरेन्द्र सिंह ऐरी | अपाङ्ग लक्षित कार्यक्रम | ६२५०० | कार्यक्रमको नर्मस र प्रतिवेदन नभएको । |
| १० | ७२२।०७९।३।२६ | कुमारी शान्ति कुँवर | महिला लक्षित कार्यक्रम | १५०००० | कार्यक्रमको नर्मस र प्रतिवेदन नभएको । |
| ११ | ७२३।०७९।३।२६ | नरेश विष्ट | कृषि कार्यक्रम | २४०००० | कार्यक्रमको नर्मस र प्रतिवेदन नभएको । |
| १२ | ७३४।०७९।३।२६ | | युवा तथा खेलकुद विकास कार्यक्रम | २००००० | कार्यक्रमको नर्मस नभएको । |
| १३ | ७३५।०७९।३।२६ | | युवा तथा खेलकुद विकास कार्यक्रम | ३००००० | कार्यक्रमको नर्मस नभएको । |
| १४ | ७४१।०७९।३।३२ | विरेन्द्र सिंह ऐरी | महिला लक्षित कार्यक्रम | २००००० | कार्यक्रमको नर्मस र प्रतिवेदन नभएको । |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५</td><td>७४२।०७९।३।३२</td><td>जानकी चन्द</td><td>महिला लक्षित कार्यक्रम</td><td>२०००००</td><td>कार्यक्रमको नर्मस र प्रतिवेदन नभएको ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. ६८,६५,५०० सुविधा बापत भुक्तानी भएको पाइयो ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>घटि करकट्टि<br>आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम बीलको भुक्तानीमा अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । देहायका भुक्तानीमा भ्याटमा दर्ता नभएका तथा रु. २० हजार भन्दा बढी कारोवारमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतको दरले कर कट्टि गरेकोले उक्त घटी कर रकम रु. १३,९०५ असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं.मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>कर कट्टि गर्नुपर्ने</th><th>कट्टि भएको</th><th>घटी कर असूल हुनुपर्ने रु.</th></tr>
<tr><td>१</td><td>४६४।०७९।१।१४</td><td>बासुलिङ्ग मिडिया प्रा.लि.</td><td>२१०००</td><td>३१५०</td><td>३१५</td><td>२८३५</td></tr>
<tr><td>२</td><td>५०७।०७९।१।२२</td><td>रेडियो सेभेन स्टार</td><td>४००००</td><td>६०००</td><td>६००</td><td>५४००</td></tr>
<tr><td>३</td><td>५३३।०७९।२।२६</td><td>बासुलिङ्ग मिडिया प्रा.लि.</td><td>२१०००</td><td>३१५०</td><td>३१५</td><td>२८३५</td></tr>
<tr><td>४</td><td>५७४।०७९।३।१</td><td>बासुलिङ्ग मिडिया प्रा.लि.</td><td>२१०००</td><td>३१५०</td><td>३१५</td><td>२८३५</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१३९०५</td></tr>
</table>
</td><td>१३,९०५</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>चालु तर्फ</td><td></td></tr>
<tr><td>३८.१</td><td></td><td></td><td>विद्यालय सहायक/लेखापालको अनुदान निकासाः कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम विद्यालय व्यवस्थापन अनुदान अन्तर्गत विद्यालय सहायकलाई रु. १५००० को दरले १३ महिनाको निकासा गर्नुपर्नेमा उक्त निकासा शसर्त शीर्षकबाट निकासा भैसकेकोले थप कार्यपालिकाको निर्णयबाट ११ विद्यालयलाई वित्तिय समानीकरणबाट रु. १०,००० को दरले १ चौमासिकमा रु. ४,४०,००० गरी ३ चौमासिकमा जम्मा वर्षभरी रु. १३,२०,००० पालिकाले निकासा गरेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><td>३८.२</td><td></td><td></td><td>कमर्चारी खर्चः निजामती सेवा ऐन, २०४९ को दफा ६१ (छ) बमोजिम कुनै पनि बहालवाला कर्मचारीले विदा स्वीकृत नगराई लगातार ९० दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा निजलाई भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट हटाइने व्यवस्था छ । पालिकाका १ जना कर्मचारी नन्द बहादुर थापा कार्यालयको हाजिरीमा मिति २०७८।१।१ देखि २०७८।४।१४ सम्म गयल जनाई कुनै कारवाही नगरी बर्षभरी रु. ५,१२,९६३ भुक्तान गरेको छ ।</td><td></td></tr>
<tr><td>३८.३</td><td></td><td></td><td>नीजि सचिवः–सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले देहाय बमोजिम स्वकीय सचिवका रुपमा नियुक्ति दिई मासिक रु. १८,००० र रु. १५००० को दरले २ जनालाई १० महिनाको रु. ३,३०,००० भुक्तानी गरेको नियमसंगत नदेखिएको रू
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>पद</td><td>मासिक भुक्तानी रु.</td><td>जम्मा भुक्तानी (१० महिनाको मात्र) रु.</td></tr>
<tr><td>१</td><td>प्रताप सिंह महरा</td><td>नीजि सचिव</td><td>१८०००</td><td>१८००००</td></tr>
<tr><td>२</td><td>मोहन बहादुर विष्ट</td><td>नीजि सचिव</td><td>१५०००</td><td>१५००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३३००००</td></tr>
</table></td><td>३३०,०००</td></tr>
<tr><td>३८.४</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकालेस्वीकृत दरबन्दीभित्र नपरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. २,७६,२८,१३२ तलब भुक्तान गरेको पाइयो । सशर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा समानीकरण शीर्षकबाट खर्च लेख्ने कार्य अनियमित देखिएको रु.</td><td>२७,६२८,१३२</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>कर्मचारी सेवा सुविधा तर्फ</td><td></td></tr>
<tr><td>३९.१</td><td></td><td></td><td>महङ्गी भत्ताः करार कार्यविधि निर्देशिका अनुसार करारको कर्मचारीलाई निर्णय वा करार सम्झौतामा तोकिएको सेवा सुबिधा भन्दा बढी सुबिधा भुक्तानी गर्न मिल्दैंन् । यसरी पालिकामा कार्यरत देहाय बमोजिमका करार कर्मचारीलाई सम्झौतामा उल्लेख नभएको महङ्गी भत्ता वर्षभरी रु. ७२,००० भुक्तान गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>महङ्गी भत्ताको दर</td><td>भुक्तानी महिना</td><td>जम्मा भुक्तानी रु.</td></tr>
</table></td><td>७२,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १ | नर बहादुर महरा (प्रा.स.) | २००० | १२ | २४००० |
| २ | विष्णु दत्त बोगटी (प्रा.स.) | २००० | १२ | २४००० |
| ३ | हरि बहादुर महरा (सहायक) | २००० | १२ | २४००० |
| जम्मा | | | | ७२००० |

| | | | | |
|---|---|---|---|---|
| ३९.२ | | | **पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ४ अनुसार बार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु. ४५०००० सम्म १ प्रतिशत, (ख) रु. ४५०००० देखि रु. ५५०००० सम्म रु. १००००० मा १० प्रतिशत, (ग) रु. ५५०००० देखि रु. ७५०००० सम्म रु. २००००० मा २० प्रतिशत, (घ) रु. ७५०००० देखि रु. २०००००० सम्म रु. १२४५००० मा ३० प्रतिशत र रु. २०००००० भन्दा बढीको आम्दानीमा (घ) बमोजिम लाग्ने करको दरमा थप २० प्रतिशत अतिरिक्त कर लाग्ने व्यवस्था छ । पालिकामा कार्यरत अधिकृत स्तर तथा पारिश्रमिक पुग्ने अन्य कर्मचारीहरुको पारिश्रमिक कर माथि उल्लिखित व्यवस्था अनुसार रु. ७४,९५९ कर कट्टि नगरेकोले उक्त कर असूल गरी दाखिला हुनुपर्ने रु. | ७४,९५९ |

| **क्र.सं.** | **नाम** | **जम्मा खुद आय** | **छुट हुने रकम** | **कर लाग्ने आय रु.** | **लाग्ने कर रु.** |
|---|---|---|---|---|---|
| १ | कपिलदेव भट्ट (इन्जिनयर) | ५६२७५० | ४७०००० | ९२७५० | ९२७५ |
| २ | कमलापति भट्ट (अधिकृत) | ७३२०५३ | ४७०००० | १२१९४३ | १४३८९ |
| ३ | हिमांसु भट्ट (अधिकृत) | ६४३५३० | ४७०००० | ६९७१२ | ६९७१ |
| ४ | धन बहादुर चन्द (ना.सु.) | ६२०६४९ | ४७०००० | ४९०४८ | ४९०५ |
| ५ | राम सिंह महरा (हे अ पाचौं) | ५०२६४९ | ४७०००० | ३२६४९ | ३२६५ |
| ६ | किरण चन्द (हे अ पाचौं) | ४९०८७८ | ४७०००० | २०८७८ | २०८८ |
| ७ | सुनिता भट्ट (अ.न.मी. पाचौं) | ५४४२२० | ४७०००० | ७४२२० | ७४२२ |
| ८ | नैन सिंह ऐरी (अ.हे.व. पाचौं) | ५१४४३२ | ४७०००० | ४४४३२ | ४४४३ |
| ९ | महेश्वरी पाण्डे (अ.न.मी. छैटौं) | ५४९६१६ | ४७०००० | ७९६१६ | ७९६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | नरेश बहादुर मडै (अ.हे.व. पाचौं) | ४९०८७८ | ४७०००० | २०८७८ | २०८८ |
| ११ | हजारी देवी ऐर (अ.न.मी. पाचौं) | ५१४४३२ | ४७०००० | ४४४३२ | ४४४३ |
| १२ | दल बहादुर विष्ट (हे.अ. पाचौं) | ५०२६४९ | ४७०००० | ३२६४९ | ३२६५ |
| १३ | वीर बहादुर बोहरा (अ.हे.व. पाचौं) | ५१४४३२ | ४७०००० | ४४४३२ | ४४४३ |
| जम्मा | | | | | ७४९५९ |

३९.३ **सम्झौता भन्दा बढी तलब भुक्तानीः** करार कार्यविधि निर्देशिका अनुसार करारको कर्मचारीलाई निर्णय वा करार सम्झौतामा तोकिएको सेवा सुबिधा भन्दा बढी सुबिधा भुक्तानी गर्न मिल्दैंन् । यसरी पालिकामा कार्यरत देहाय बमोजिमका करार कर्मचारीलाई सम्झौतामा उल्लेख गरेको भन्दा सम्झौता अद्यावधिक नगरी कार्यपालिकाको निर्णयको आधारमा रु. २,००० को दरले मासिक बढी भुक्तानी दिएको पाइयो। अतः सम्झौता अद्यावधिक गरी मात्र भुक्तानी दिनु पर्दछ । केहि उदाहरणः

| **क.सं.** | **विवरण** | **मासिक बढी भुक्तानी दर रु.** | **महिना** | **जम्मा बढी भुक्तानी रु.** |
|---|---|---|---|---|
| १ | नरेश वहादुर विष्ट (प्रा.स.) | २००० | १२ | २४००० |
| २ | ओम प्रकाश पन्त (कृषि प्राविधिक) | २००० | १२ | २४००० |
| ३ | शरद प्रसाद पन्त (पशु प्राविधिक) | २००० | १२ | २४००० |
| ४ | विरेन्द्र बहादुर बोहरा (कृषि प्राविधिक) | २००० | १२ | २४००० |
| ५ | विनोद बहादुर चन्द (पशु प्राविधिक) | २००० | १२ | २४००० |
| ६ | नर बहादुर महरा (प्रा.स.) | २००० | १२ | २४००० |
| ७ | विष्णु दत्त बोगटी (प्रा.स.) | २००० | १२ | २४००० |
| ८ | हरि बहादुर महरा (सहायक) | २००० | १२ | २४००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>९</td><td>राम बहादुर महरा (सहायक पाँचौं)</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr><tr><td>१०</td><td>चन्द्र बहादुर मडै (स.चालक)</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr></table> | |
| ३९.४ | | | **डोर हाजिरीः** भौ.नं. १०६।०७८।८।२०, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । अस्थायी ज्यालादारीमा काम गरेका नर बहादुर विष्टले २० दिनको रु. ५०० को दरले जम्मा रु. १०,००० भुक्तानी प्राप्त गरेकोमा भौचर संलग्न डोर हाजिरी पेश नभएको रकम सम्बन्धितबाट असूल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | १०,००० |
| ४० | | | **पदाधिकारी सुविधा तर्फ** | |
| ४०.१ | | | **पदाधिकारी दोहरो सुविधाः** सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुबिधा भन्दा बढी सुबिधा लिन नपाउने व्यवस्था रहेको छ । देहाय बमोजिमका पदाधिकारीले मोटरसाइकल र इन्धन सुविधा लिएपनि थप यातायात खर्च बापत सुविधा प्राप्त गरेकोले यातायात खर्च बापत पाएको सुविधा दोहोरो हुन गएकोले रु. १,९२,००० सम्बन्धितबाट फिर्ता गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.<br><table><tr><th>क्र.सं.</th><th>विवरण</th><th>पद</th><th>यातायात खर्च रु.</th><th>कैफियत</th></tr><tr><td>१</td><td>गजेन्द्र बहादुर चन्द</td><td>वडाध्यक्ष</td><td>२०४००</td><td rowspan="8">२०७८।४।१ देखि २०७९।२।६ सम्म</td></tr><tr><td>२</td><td>हर्क बहादुर पाण्डेय</td><td>वडाध्यक्ष</td><td>२०४००</td></tr><tr><td>३</td><td>दिलाराम भट्ट</td><td>वडाध्यक्ष</td><td>२०४००</td></tr><tr><td>४</td><td>दिनेश प्रसाद भट्ट</td><td>वडाध्यक्ष</td><td>२०४००</td></tr><tr><td>५</td><td>धन बहादुर मडै</td><td>वडाध्यक्ष</td><td>२०४००</td></tr><tr><td>६</td><td>जय बहादुर कुँवर</td><td>वडाध्यक्ष</td><td>२०४००</td></tr><tr><td>७</td><td>भक्त बहादुर कुँवर</td><td>वडाध्यक्ष</td><td>२०४००</td></tr><tr><td>८</td><td>आनन्द सिंह बोहरा</td><td>वडाध्यक्ष</td><td>२०४००</td></tr><tr><td>९</td><td>धन बहादुर चन्द</td><td>वडाध्यक्ष</td><td>३६००</td><td></td></tr></table> | १९२,००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>मदनराज अवस्थी</td><td>वडाध्यक्ष</td><td>३६००</td><td rowspan="7">२०७९।२।७ देखि<br>२०७९।३।३१ सम्म</td></tr>
<tr><td>११</td><td>केशव बहादुर विष्ट</td><td>वडाध्यक्ष</td><td>३६००</td></tr>
<tr><td>१२</td><td>भान बहादुर बोहरा</td><td>वडाध्यक्ष</td><td>३६००</td></tr>
<tr><td>१३</td><td>भक्त बहादुर कुँवर</td><td>वडाध्यक्ष</td><td>३६००</td></tr>
<tr><td>१४</td><td>प्रताप बहादुर महरा</td><td>वडाध्यक्ष</td><td>३६००</td></tr>
<tr><td>१५</td><td>शम्भु प्रसाद भट्ट</td><td>वडाध्यक्ष</td><td>३६००</td></tr>
<tr><td>१६</td><td>गणेश बहादुर विष्ट</td><td>वडाध्यक्ष</td><td>३६००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९२०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>पदाधिकारी बैठक भत्ताः भौ.नं. ७२०।०७९।३।२६, सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुविधा भन्दा बढी सुविधा लिन नपाउने व्यवस्था रहेको छ । पालिकाका १५ जना व्यक्ति तथा पदाधिकारीहरुले महिला तथा बालबालिका शाखा अन्तर्गत विभिन्न समितिको बैठक भत्ता बापत १ देखि ८ दिन सम्मको रु. १५०० को दरले कर कट्टिपछि रु. ७४५४५ भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.</td><td>७४,५४५</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>पदाधिकारी खर्च</td><td></td></tr>
<tr><td>४१.१</td><td></td><td></td><td>पदाधिकारीलाई मोबाइल खर्चः सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुविधा भन्दा बढी सुविधा लिन नपाउने व्यवस्था रहेको छ । देहाय बमोजिमका पदाधिकारीले मासिक मोबाइल खर्च पाएपनि मोबाइलमा टपअफ भएको दोहोरो सञ्चार खर्च रु. ७००० सम्बन्धितबाट फिर्ता गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>पद</th><th>सञ्चार खर्च रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>गजेन्द्र बहादुर चन्द</td><td>वडाध्यक्ष</td><td>७०००</td><td>मोबाइल टपअप भएको रकम</td></tr>
</table>
</td><td>७,०००</td></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>पदाधिकारी बैठक भत्ताः सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुविधा भन्दा बढी सुविधा लिन नपाउने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार कार्यपालिका सदस्यको मासिक बैठक भत्ता दर रु. १००० दिने व्यवस्था भएपनि मासिक रु. १५०० को दरले ४१ जना सदस्यलाई</td><td>१२०,७००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | बैठक संख्या २८४ को करकट्टि पछि रु. ३,६२,१०० भुक्तानी गरेको पाइयो । अतः ४१ जना सदस्यको २८४ बैठक संख्याको रु. १००० को दरले करकट्टि पछि रु. २,४१,४०० मात्र भुक्तानी दिनु पर्नेमा बढी भुक्तानी भएको रु. रु. १,२०,७०० सम्बन्धित पदाधिकारीबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | |
| ४२ | | | **अग्रिम आयकर कट्टी नगरि भुक्तानीः**<br>गो भौं नं ६।२०७८।१०।१८ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट दङ्गाल झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति सुर्नया ७ बैतडीलाई कुल मुल्याङ्कित रकम रु. २३,३१,३०७.४० बाट रकम रु. ४,००,०००.०० पे फ गरी बाँकी रकम भुक्तानी गर्दा नियम बमोजिम कट्टी गर्नु पर्ने अग्रिम आयकर रकम रु. ३०,८०६.०० कट्टी भएको देखिएन । अतः उक्त उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नु पर्ने अग्रिम आयकर रकम रु. | ३०,८०६ |
| ४३ | | | **खरिद व्यवस्थापन** | |
| ४३.१ | | | **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को पालना गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था बमोजिम खरिद नियमावली तयार गरी लागु गर्नको लागि तीनवटै संघीय तहहरुलाई अधिकार दिइएको अवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागु गरेको देखिएन । खरिद गुरु योजना तथा बार्षिक खरिद योजना बनाएको छैन । खरिद ईकाइको गठन गरी खरिद व्यवस्थापन गरेको देखिएन । एकिकृत रुपमा खरिद कार्य नगरी टुक्रे खरिद गरेको देखिन्छ । कर्मचारीको नाममा पेश्की दीई खरिद कार्य गरेको पाइयो । यस्तो प्रकारको प्रवृत्तीले सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित हुन जाने तथा गुणस्तरीय वस्तु तथा सेवाको आपुर्तिको सुनिश्चितिता हुन सक्दैन । यसर्थ, सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ । | |
| ४३.२ | | | **कम समयावधिको बैंक जमानतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम पेश भएको कार्यसम्पादन जमानतको समायवधी सो कार्यको सम्झौताको त्रुटी सच्चाउने समायवधी भन्दा १ महिना बढिको हुनुपर्ने स्पष्ट व्यवस्था छ । यसरी हेर्दा समान्यतया कार्यसम्पादन जमानतको समयावधी सम्झौंताको अवधिभन्दा १३ महिना बढीको हुनु पर्दछ । पालिकाले यो व्यवस्थाको पुर्णरुपमा पालना गरेको छैन । यस सम्बन्धीका केही प्रतिनिधिमुलक उदाहरणहरु निम्नानुसार छन । | |

| सि. नं. | ठेक्का नं. | सम्झौताको अन्त्य हुने समयावधी | पेश भएको कार्यसम्पादन जमानतको मान्य अवधि | | थप गर्नुपर्ने समायावधी |
|---|---|---|---|---|---|
| १ | NCB/SRM/BAITADI/12/2078/79 | २०७९।०३।१० | २०७८।१२।०७ देखी | २०८०।०१।०२ सम्म | २०८०।०४।१० सम्म |
| २ | NCB/SRM/BAITADI/10/2078/79 | २०७९।०३।१० | २०७८।१२।०२ देखि | २०८०।०१।०२ सम्म | २०८०।०४।१० सम्म |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>NCB/SRM/BAITADI/07/2078/79</td><td>२०७९।०८।१०</td><td>२०७८।१२।०१ देखि</td><td>२०८०।०१।०१ सम्म</td><td>२०८०।०९।१० सम्म</td></tr>
</table>
यसरी कानुनमा भएको व्यवस्था बमोजिमको समयावधिको कार्यसम्पादन जमानत वेगरको ठेक्का व्यवस्थापनले निर्माण व्यवसायीलाई गुणस्तरिय काम गरी त्रुटी सच्चाउने समय सम्मको दायित्व निर्वाह गर्न जिम्मेवार बनाउन समस्या आउन सक्दछ । कानुनी व्यवस्था बमोजिमको कार्य सम्पादन जमानत पेश गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४३.३</td><td></td><td></td><td>प्रमाण बेगरको भुक्तानीः गो. भौं. नं. ०३।२०७८।०९।१२ ठे. नं. NCB/SRM/BAITADI/01/2078/79 संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट कमलेश्वर चन्द्रमणी स्कुल भवन निर्माण र शौंचालय निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री अखिल निर्माण सेवालाई पेश्की भुक्तानी गरीएको सो कार्यको प्रथम र दोस्रो तथा अन्तिम बिलको भुक्तानी गर्दा बीमा वापत रकम रु. १,२८,२९६.०५ र ल्याव परीक्षण वापत रकम रु १,६०,०६४.०० गरी कुल रकम रु. २,८८,३६०.०५ को प्रमाण वेगरको भुक्तानी गरेको देखियो । यसर्थ प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने देखिएको रकम रु.</td><td>२८८,३६०</td></tr>
<tr><td>४३.४</td><td></td><td></td><td>न्युन कार्यसम्पादन जमानत पेशः सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ४ बमोजिम सार्वनिक खरिद कार्यको लागि छनौंट भएको बोलपत्रदाताले कार्य सम्पादन जमानत पेश गरी सम्झौंता गर्नु पर्ने तथा यसरी जमानत पेश गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबोल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा बढी जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्ने व्यवस्था छ । कम बैक जमानत पेश भएका केही प्रतिनिधिमुलक विवरणहरु यस प्रकार छन ।
<table>
<tr><th>सि.नं.</th><th>ठेक्का नं.</th><th>स्विकृत लागत अनुमान</th><th>सम्झौंता रकम</th><th>पेश गर्नुपर्ने जमानत रकम</th><th>पेश भएको बैक जमानत रकम</th><th>थप गर्नु पर्ने बैक जमानत</th></tr>
<tr><td>१</td><td>NCB/SRM/BAITADI/01/2077/78</td><td>४७,९९,९९२.३४</td><td>४६,०५,२१३.२१</td><td>१,७३,१०८.००</td><td>१,५६,०००.००</td><td>१७,१०८.००</td></tr>
<tr><td>२</td><td>NCB/SRM/BAITADI/07/2078/79</td><td>३०,७०,७०४.९५</td><td>३०,६४,५७६.५५</td><td>१,५३,२२८.८२</td><td>१,३५,६००.००</td><td>१७,६२८.८२</td></tr>
</table>
यसरी कम बैक जमानत पेश हुँदा सार्वजनिक खरिद कानुनको पालना नहुने तथा काममा गुणस्तरियता हुन नसक्ने र ठेक्का व्यवस्थापनमा आन्तरिक नियन्त्रण कमजोर हुन सक्दछ । कानुनमा व्यवस्था भए बमोजमिको कार्यसम्पादन जमानत संलग्न गरी सम्झौंता गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४३.५</td><td></td><td></td><td>धरौंटी कट्टी नगरी भुक्तानीः गो भौं नं १५३।२०७९।०२।३१ गाउँपालिका पुंजीगतबाट ठेक्का नं. NCB/SRM/BAITADI/01/2077/78 भुवनेश्वरी मा वि तथा पर्खाल निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री पुष्प निर्माण सेवा बझाङ्गलाई तेस्रो तथा अन्तिम बिल रकम रु</td><td>३८३,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>२,३९,८५९.१४ भुक्तानी दिँदा प्रथम र दोस्रो रनिङ्ग बीलको समेत गरी कुल भुक्तानी रकम रु. ७४,५१,०११.२० को नियमपुर्वक कट्टी गर्नुपर्ने धरौटी रकम रु. ३,८३,०००.०० कट्टी भएको देखिएन । कट्टी गरी धरौटी खातामा जम्मा हुनुपर्ने धरौटी रकम रु.</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>सशर्त पुजिगत</td><td></td></tr>
<tr><td>४४.१</td><td></td><td></td><td>नापी किताव: निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस गाउपालिका कार्यालयदारा गत बिगत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधार भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत बिगत आ.वा. का नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ । केही उदाहरण निम्न छन ।
<table>
<tr><td>सिन</td><td>योजनाको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>मोतिपुर शंकरपुर सडक नि. उ.स.</td><td>१२१५०००</td></tr>
<tr><td>२</td><td>सिउडे बिजुली कृर्षि सडक नि.उ.स.</td><td>१०२३८८५</td></tr>
<tr><td>३</td><td>मोतिनगररडीगाउ पपिला सडक नि.उ.स.</td><td>४१४१५५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>वारिण्टी कार्ड नलिएको: सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को ३ मा खरिद गरेका मालसमान वा सेवाको गुणस्तर परिक्षण गराउनु पर्ने व्यवस्था छ । यस पालिका कार्यालयले बैकल्पिक उर्जा गाउँपालिकामा जडान गरिएका सोलरको भुक्तानी दिएकोमा उक्त कार्य गुणस्तर बमोजिम छ भनी गुणस्तर परिक्षण गरेको प्राबिधिक प्रतिबेदन पेश गरेको देखिएन र साथै उक्त कार्यका लागी खरिद गरेका समानको बिक्रेता आधिकारीक कम्पनीले निश्चित अवधिको लागी वारिण्टी कार्ड दिने गरेकोमा कार्यालयले कुन कम्पनीबाट खरिद गरेको हो सो एकिन भएन। अत कार्यालयले उक्त समान खरिद गरेको कम्पनीबाट जारी गरेको वारिण्टी कार्ड लिएको प्रमाण पेश गर्नु पर्दछ ।
<table>
<tr><td>सि न</td><td>योजनाको नाम</td><td>गो भौ न र मिति</td><td>रकम</td><td>कैफिएत</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | | १ नबिकरणीय उर्जा प्रबिधि जडान १७।२०७९।२।१२ ८७४७५३ वारिण्टी कार्ड नलिएको<br>२ नबिकरणीय उर्जा प्रबिधि जडान ३३।२०७८।१२।८ ८५६७९९ वारिण्टी कार्ड नलिएको | |
| ४५ | | | **सोझै खरिद** | |
| ४५.१ | | | **कोटेशनको कार्य**: सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनदारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि ४.५ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब २० देखि ५० प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा गाापालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन । | |

| सि.न | योजनाको नाम | लागत अनुमान | स्वीकृत रकम | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कार्यालय समान खरिद | ४९६९१७ | ४९६४१७ | ४९६४१७ | ० |
| २ | सडक मर्मत | ५७५०४९ | ५५९७८० | ५५९७८० | २।६६ |
| ३ | सतबाझ श्रीभावर सडक मर्मत | ४२३३९० | ४२०८८४ | ४२०८८४ | ४।५ |
| ४ | वडा न६ ७,८ सडक मर्मत | ४०४०९२ | ४०२४६१ | ४०२४६१ | ०।४० |
| ५ | सतबाझ श्रीभावर सडक मर्मत | ९९८३३५ | ९३९९९१ | ९३९९९१ | ४।८ |

| | | | | |
|---|---|---|---|---|
| ४५.२ | | | **प्रमाण पेश नभएको**:आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ मा कुनै पनि कार्यको भुक्तानी दिदा सम्बन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्न कार्यमा समान सोझै खरिद गरी वडा कार्यालयमा राख्ने गरेको र उक्त | १,६९७,७८० |

<table>
<tr><td></td><td></td><td></td><td>समान गाउपालिका कार्यालयको जिन्सी खाता PAMS मा समेत दाखिला गरेको देखिएन । गाउपालिका कार्यालयले नियमावली र स्थानिय सरकार संचालन ऐन २०७४ को ब्यवस्था बिपरित वडा कार्यालयलाई समान खरिद गर्न रकम भुक्तानी दिने गरेको र खरिद गरेका समान जिन्सी खातामा दाखिला नगरेको नियमसंगत देखिएन । अत गाउपालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी खरिद गरिएका समान गाउपालिकाले PAMS अभिलेख गरी गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रू<br>केही उदाहरण निम्न छन ।
<table>
<tr><th>भौचर .न</th><th>कार्यको नाम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>४।२०७८।१०।११</td><td>मेशिनरी औजार खरिद</td><td>४९२२६५</td><td>PAMS दाखिला नभएको।लागत अनुमान नभएको</td></tr>
<tr><td>१२८।२०७९।२।२७</td><td>पाईप खरिद</td><td>३०००००</td><td>बितरण भर्पाई नभएको</td></tr>
<tr><td>१७४।२०७९।३।३१</td><td>केदार बहुउदेश्य खेलकुद सामग्री खरिद</td><td>१०००००</td><td>बितरण भर्पाई नभएको</td></tr>
<tr><td>२०२।२०७९।३।८</td><td>ल्यापटप खरिद२थान</td><td>३०८५९८</td><td>PAMS दाखिला नभएको</td></tr>
<tr><td>२८४।२०७९।३।२२</td><td>कार्यालय समान खरिद</td><td>४९६९१७</td><td>PAMS दाखिला नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६,९७,७८०।००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सेनेटरी प्याड खरिदः<br>सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद २ को दफा ४ को उपदफा १ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । सोही ऐनको दफा ५ मा सार्वजनिक खरिद निकायले कुनैपनि खरिदको लागत अनुमान तयार गर्नेपर्ने र सार्जवजनिक खरिद नियमावली २०६४ को नियम ११ ले मालसामानको लागत अनुमान तयार गर्ने आधारहरु तोकेको तथा नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ ।त्यस्तै सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्याविधि,२०७६ को दफा ३ मा सेनेटरी प्याड खरिदको लागि छात्राहरुको संख्या यकिन गर्ने, दफा ४ र ५ मा भण्डारण तथा वितरणको माग संकलन गर्ने, दफा ६ को उपदफा ४ र ५ बमोजिम छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड वितरण गरेको अभिलेख तथा बुझिलिएको भर्पाई राख्नुपर्ने, दफा १४ मा स्थानीय तहस्तरिय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति, दफा १६ मा विद्यालय स्तरिय सेनेटरी प्याड तथा व्यवस्थापन समिति रहने व्यवस्था छ । सो कार्यविधिको अनुसूची १ मा स्यानेटरी प्याडको न्युनतम मापदण्ड तोकिएको छ । पालिकाले ठे नं NCB/SRM/03/078/79 सेनेटरी प्याड खरिद कार्यको स्पेशिफिकेशन र लागत अनुमान समेत</td><td>१,६१९,८५५.५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | तयार गरेको देखिएन । दरभाउपत्र लिइसकेपछि तुलनात्मक तालिका बनाई दर विश्लेषण समेत गरेको देखिएन । सेनेटरी प्याडको स्पेशिफिकेशन सहितको उत्पादित र म्याद सकिने मिति समेत उल्लेख छैन । सेनेटरी प्याड वितरण गर्नुपर्ने छात्राको संख्याको विश्लेषण बिना नै प्रति सेनेटरी प्याड रु. ६४.७९ को दरले २५००० सेनेटरी प्याडको जम्मा रकम रु. १६,१९,८५५.५० मा खरिद गरिएको देखियो । प्राप्त भएको सेनेटरी प्याडको गुणस्तरको आश्वस्तता सहितको प्राविधिक प्रतिवेदन र वितरण गरेको भर्पाई समेत संलग्न देखिएन । यस्तो प्रकारको कार्यले एकातिर सार्वजनिक स्रोतको मितव्ययी, पारदर्शीरुपमा प्रयोग भएको छ भन्न सकिने अवस्था रहेन भने अर्को तर्फ सार्वजनिक खरिद कार्यमा प्रतिष्पर्धा र जवाफदेहिता कायम हुन सक्दैन । पालिकाले सेनेटरी प्याड वितरण गर्नुपर्ने विद्यार्थिको संख्याको आधारमा आवश्यकता पहिचान गरी सार्वजनिक खरिद विधिका प्रत्येक चरणहरु पुर्णरुपमा पालना गर्नु पर्दछ ।कार्यविधिको अनुसुची १ मा व्यवस्था भए बमोजिमको गुणस्तरको भए नभएको परीक्षण तथा अन्य व्यवस्थाको पालना गर्नु पर्दछ ।अतः सेनेटरी प्याड वितरणको भर्पाई पेश हुनुपर्ने रु | |
| ४७ | | | **सोलार खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ को दफा ४ को उपदफा १ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । सोही ऐनको दफा ५ मा सार्वजनिक खरिद निकायले कुनैपनि खरिदको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ ले मालसामानको लागत अनुमान तयार गर्ने आधारहरु तोकेको तथा नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ । पालिकाले ठे.नं. NCB/SRM/04/078/79 सोलार बत्ती खरिद तथा जडान कार्यको स्पेशिफिकेशन र लागत अनुमान तयार गरेको देखिएन । सुदूरपश्चिम ट्रेड एण्ड सप्लायर्सबाट रु. ८,७५,०००.०० को सोलार खरिद गरेकोमा सो कम्पनी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा सोलार आपूर्तिको लागि सुचिकृत भएको पाइएन । खरिद पश्चात सोलार पाता र कन्ट्रोलरमा पाइने वारेन्टी कार्ड समेत संलग्न रहेको देखिएन । सोलार जडान कार्य पश्चात सोको प्राविधिक प्रतिवेदन समेत संलग्न रहेको छैन । जिन्सी दाखिला समेत गरेको देखिएन । यस्तो प्रकारको कार्यले सार्वजनिक स्रोतको मितव्ययी पारदर्शी रुपमा प्रयोग भएको छ भन्न सकिने अवस्था रहेन । कार्यालयले सार्वजनिक खरिद कार्यको प्रत्येक चरणको पुर्ण रुपमा पालना गर्नु पर्दछ । | |
| ४८ | | | **उपभोक्ता समितिको कार्य** | |
| ४८.१ | | | **उपभोक्ताको कामः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख | |

छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, कालो पत्रे सडक कलभर्ट खानेपानी संरचना पार्क निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी छ । केही उदाहरण निम्न छन ।

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | मोतीनगर रडीगाउ पपिला सडक नि.उ.स. | सडक निर्माण/कटिङ्ग | ४१४१५५० |
| २ | मोतीनगर मौरभटयौना भुमिराज सडक उ.स. | सडक निर्माण/कटिङ्ग | ४०८००८२ |
| ३ | शितभण्डार भवन निर्माण उ.स. | भवन निर्माण | ३५८१६१३ |
| ४ | राष्टिय बिधुतलाईन प्रसारण उ.स. | बिधुतलाईन प्रसारण | ८००००० |
| ५ | न्वालीबाटा थोप्ला खानेपानी उ.स. | खानेपानी निर्माण | ६२०००० |
| ६ | दलित बस्तीमा पर्खाल निमार्ण उ.स. | पर्खाल निर्माण | ६००००० |
| ७ | प्रतिघर धुरी खा.पा. यो मर्मत नि.उ.स. | खानेपानी निर्माण | ९००००० |
| ८ | मोतीनगर झाउवो सडक निर्माण उ.स. | सडक निर्माण/कटिङ्ग | १८२६४१७ |
| ९ | सुर्नया गाउपालिका शौचालय नि.उ.स. | भवन निर्माण | ५२४८१४ |

४८.२ **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

<table>
<tr>
<td>४८.३</td>
<td></td>
<td></td>
<td>हार्डरक दर एकिन नभएको:सडक बिभागको नम्स बमोजिम र सडक डिभिजन पाटन बैतडीको दर बिश्लेषण अनुसार Hard Rock कटिङको दर रु. ८४२ प्रतिघनमिटर रहेको देखिन्छ। यस्तै सडक बिभागको नम्स अनुसार समग्र कार्यको मुल्याङ्कन गरी आउने परीमाणलाई भागा गरी दर बिश्लेषण गर्ने गरेको छ । तर गाउपालिकाले दर बिश्लेषण गर्दा श्रमलाई १० प्रतिशत र मेशिनलाई ९० प्रतिशत भार दिई मुल्याङ्कन गरी भुक्तानी दिने गरेको देखिन्छ । यसरी आधार बेगर मेशिनले गरेको कार्यमा लेवरको अंश राख्दा मुल्य बढी हुन गएको देखिन्छ ।यस पालिकाले उक्त बढी मुल्यको आधारमा निम्न कार्यको लागी निम्न अनुसार भुक्तानी दिएको देखिएकोले कार्यालयले नम्स भन्दा बढी दरमा भुक्तानी हुन गएको रकम वास्तबिक हो वा होईन एकिन गरी असुल गर्नु पर्ने देखिएको रू
<table>
<tr><th>भौचर न</th><th>पार्टीको नाम</th><th>परिमाण</th><th>नम्सको दर रु. प्रतिघनमिटर</th><th>भुक्तानी दर</th><th>फरक</th><th>जम्मा</th></tr>
<tr><td>४३।२०७८।१२।१८</td><td>मोतिनगर मौर भटयैना भुमिराज सडक मर्मत उ. स.</td><td>७३५</td><td>८४२</td><td>११२४</td><td>२८२</td><td>२०७२७०</td></tr>
<tr><td>४२।२०७८।१२।१५</td><td>मोतिनगर रडीगाउ पपिला सडक उ.स.</td><td>३८९</td><td>८४२</td><td>११२४</td><td>२८२</td><td>१०९६९८</td></tr>
<tr><td>५०।२०७८।१२।२०</td><td>सिउडे बिजुली ग्रामीण स. उ.स</td><td>६९९</td><td>८४२</td><td>९९९</td><td>१५७</td><td>१०९७४३</td></tr>
<tr><td>६२।२०७९।१।१</td><td>मोतिनगर झाडवो ग्रामिण सडक उ.स.</td><td>७५५</td><td>८४२</td><td>११२४</td><td>२८२</td><td>२१२९१०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>६३९६२१</td></tr>
</table>
</td>
<td>६३९,६२१</td>
</tr>
<tr>
<td>४८.४</td>
<td></td>
<td></td>
<td>जनश्रमदान – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको रकम असूल हुनुपर्ने रु.</td>
<td>८३६,९८५</td>
</tr>
</table>

| गो.भौ.नं. | उपभोक्तासमितिरकाम | मुल्याङन रकम | जनसहभागिता बेहोर्ने रकम | जनसहभागिता भएको रकम | घटीअनुपातिककट्टीरकम |
|---|---|---|---|---|---|
| ६२।२०७९।१।१ | मोतिनगर झाडवो ग्रामिण सडक उ.स. | २०७७०७४ | २७०८५० | २५०६५७ | २०१९३ |
| ३७।२०७८।१२।१८ | राष्टिय बिधुतप्रसारण लाईन उ.स. | ८५७६७० | ८५७६७ | ५७६७० | २८०९७ |
| ४२।२०७८।१२।१५ | मोतिनगर रडीगाउ पपिला सडक उ.स. | ५१५१३०० | १०३०२६० | १००९७५० | २०५१० |
| ४३।२०७८।१२।१८ | सप्पाखान देखि वडा कार्यालय सडक नि.उ.स. | ५२०७५८ | ८१७५९ | ७०७५८ | ११००१ |
| ४३।२०७८।१२।१८ | मोतिनगर मौर भटयैना भुमिराज सडक मर्मत उ. स. | ४६७२३६६ | ९३४४७३ | ५९२३६४ | ३४२१८९ |
| ५०।२०७८।१२।२१ | पतालभुमेश्वर मुल गेट देखि सडक नि.उ.स. | ५३९७८१ | ५३९७८ | ३८४२२ | १५५५६ |
| २२५।२०७९।३।१६ | न्वालीबाटा थोप्ला खानेपानी उ.स. | ६९१३६८ | १३८२७३ | ८९१६४ | ४९०१९ |
| ३६६।२०७९।३।२५ | ढोले कडमडा सडक मर्मत उ.स. | २३४४१७ | ८८३५१ | ६५०३४ | २३३१७ |
| ३६६।२०७९।३।२५ | दलित बस्ती सेवा पर्खाल नि. उ.स. | ७३८९७८ | १४७७९५ | १३८९७८ | ८८१७ |
| २५२।२०७९।३।२४ | पन्खोला बेसल्ला सडक नि.उ.स. | ३१६३६९ | ८८५८३ | ६६३६८ | २२२१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९७।२०७९।३।२४ | कमेडापानी धर्मघर लीफ्ट खानेपानी उ.स | ६३७२५१ | ३१८६२५ | १३७००० | १८१३७४ |
| २९७।२०७९।३।२४ | लिस्कीटा गौरा घर निर्माण उ.स. | २८८२३४ | ४४६७६ | ३८२३४ | ६४४२ |
| ३१७।२०७९।३।२३ | प्रतिघर धुरी खा.पा. यो मर्मत नि.उ.स. | ११४६३१९ | २५६४७५ | २४६०१९ | १०४५६ |
| ३०४।२०७९।३।२२ | हटैराज देवलगडा सडक नि.उ.स. | ३७९३२३ | ४१७३० | २९३२३ | १२४०७ |
| ९।२०७९।३।२५ | कम्लेश्वर भण्डारघर नरसिडुङरी गौराखलो नि.उ.स. | ७१२७१ | १३७३०८ | १२३३५१ | १३९५७ |
| १५।२०७८।१।११ | डौडेश्वर धाम पर्यटन पुर्वाधार उ.स. | ८९७२५७ | १३५०३७ | १२९२५७ | ५७८० |
| २०।२०७९।३।१ | शित भण्डार नि.उ. स. | २८६७०५९ | २८६७०५ | २३८७७२ | ४७९३३ |
| ३२।२०७९।३।२५ | शित भण्डार नि.उ. स. | १०३८४४९ | १०३४८८ | ८६१२२ | १७७२२ |
| | | | | | ८३६९८५ |

४८.५ **उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१३ क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने, अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ । यस पालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छा । अतः यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन । पालिकाले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>सि=न</td><td>योजनाको नाम</td><td>गो. भौ.न र मिति</td><td>निर्माण व्यावसायी नाम</td><td>निर्माणव्यावसायीले गरेको काम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>मोतिनगर झाउवो ग्रामिण सडक उ.स.</td><td>६२।२०७९।१।१</td><td>रैका आरके कन्टक्शन सेवा</td><td>सडक कटिङ्ग</td><td>१४४२०००</td></tr>
<tr><td>२</td><td>मोतिनगर रडीगाउ पपिला सडक उ.स.</td><td>४२।२०७८।१२।१८</td><td>रैका आरके कन्टक्शन सेवा</td><td>सडक कटिङ्ग</td><td>२६४२५००</td></tr>
<tr><td>३</td><td>मोतिनगर मौर भटयैना भुमिराज सडक मर्मत उ. स.</td><td>४५।२०७८।१२।१८</td><td>प्रतिक निर्माण सेवा</td><td>सडक कटिड</td><td>२६६००००</td></tr>
<tr><td>४</td><td>उच्चकोटी मा.बि. पर्खाल निर्माण</td><td>३७०।२०७९।३।२५</td><td>केदार हटैराज कन्स्टकशन</td><td>सडक कटिङ्ग</td><td>३४०९६१</td></tr>
<tr><td>५</td><td>वास गौरा खलो निर्माण उ.स.</td><td>५।२०७९।३।१९</td><td>निङ्गलासैनी उ.स.</td><td>खला निर्माण</td><td>४८०९६०</td></tr>
<tr><td>६</td><td>बिधुत निर्माण उ.स. वडा न ४</td><td>३२९।२०७९।३।२४</td><td>बि आर कन्स्टकशन</td><td>बिधुत बस्तार</td><td>३९६९१२</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४८.६</td>
<td></td>
<td></td>
<td>अनुगमन नभएकोः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने व्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्रारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भन्ने पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा गाउपालिकाद्धारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकाद्धारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदनअभिलेखगत रूपमा राख्नु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>४८.७</td>
<td></td>
<td></td>
<td>पुरानो कार्यको नयाँ नापी :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को ६ मा लाभग्राही समुदायले गरेको कामको मुल्याङ्कन बिवरण सार्वजनिक निकायमा पेश गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले मोतिनगर शंकरपुर सडक निमार्ण कार्यमा जिल्ला सम्न्वय समितिले मिति २०७५।१।४ मा पठाएको पत्रको आधारमा आर्थिक बर्ष २०७३।७४ मा कार्य सम्पन्न भएको कामको आर्थिक बर्ष</td>
<td>१,२२५,०००</td>
</tr>
</table>

२०७८।७९ मा फिल्ड नापजाँच र उपभोक्ता समिति गठन गरी भौचर नं. ५६।२०७८।१२।२१ बाट भुक्तानी भएको रू. १२२५०००।०० वास्तविक कार्य हो भन्न सकिएन । यसरी पुरानो कार्य नयाँ नापी गरी भुक्तानी दिने प्रक्रिया नियमसंगत देखिएन ।

४८.८ **मु अ कर बिजक बेगर कर भुक्तानी**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू४०९८५।०० नियम संगत देखिएन । अत गाउपालिका कार्यमलयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.करअसुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू........... ४०,९८५

| उपभोक्ता समितीको नाम | भौचर न | कामको विवरण | भुक्तानी भएको रकम | करकट्टी भएको रकम | बाकी रकम | १३प्रतिशतले बिजक पेश नभएको रकम |
|---|---|---|---|---|---|---|
| शित भण्डार निर्माण उ.स. | २०।२०७९।३।१ | ईटा भुक्तानी | ६६७४७ | २९९०० | ३६८४७ | |
| कुलखेतडाडा मल्सैना पिसिसि कार्य | ३०५।२०७९।३।२२ | दण्डी खरिद | ४१३८ | ० | ४१३८ | |
| | | जम्मा | | | ४०९८५ | |

४८.९ **दर बिश्लेषणमा बढी भुक्तानी**: आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस पालिका कार्यालयले निम्म कार्यमा रकम भुक्तानी गर्दा गाउपालिकाले बिश्लेषण गरेको दर भन्दा बढी दरमा भुक्तानी दिएको देखीएकोले बढी भुक्तानी हुन गएको रू ६७२४।०० असुल गरी संचित कोष दाखिला गर्नु पर्ने रू ६,७२४

| भौचर न. | कार्यको नाम | कामको परिमाण | बिश्लेषण दर | भुक्तानी दर | फरक दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| ३०४।२०७९।३।२२ | हटैराज देवलगडासडक बिस्तार उ.स. | ढुगाँको ग्राहो २०।१९५ | १०६४३ | १०९७६ | ३३३ | ६७२४ |

<table>
<tr><td>४८.१<br>०</td><td></td><td></td><td>सम्झौता अनुसार कार्य नभएको : उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नु पर्दछ । तर पालीका र उपभोक्ता समिति बीच यस बर्ष कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निम्न कार्य पुरा नगरेको पाईयो । सालबसाली रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुका साथै आ.व.२०७९।८० मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ ।केही उदाहरण निम्न प्रकार छन ।
<table>
<tr><th>योजनाको नाम</th><th>शिर्षक</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th><th>कार्य बाकी रकम</th></tr>
<tr><td>३२।२०७९।३।२५</td><td>शित भण्डार<br>नि.उ. स.</td><td>५२३४०७४</td><td>३५८१६१३</td><td>१६५२४६१</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.१<br>१</td><td></td><td></td><td>फरक दरमा भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले वडा २ मा शित भण्डार निर्माणको लागी लागत अनुमान तयार गर्दा मानिसले फिल्ड कटिङ्ग गर्ने भनी लागत अनुमान तयार गरी भौचर न २०।२०७९।३।१ बाट उक्त कार्यको मुल्याङ्कन गरी रू २६२९२८६।००भुक्तानी गररेको भौचर बिल भरपाई फोटो परीक्षण गर्दा उक्त निर्माण स्थलमा मेशिन प्रयोग गरेको देखिन्छ । यसरी मेशिनको प्रयोग गरी ज्यालको भुक्तानी दिएको परिमाण ७४४ घ.मी.को मेशिनको दर अनुसार ९१।४९ को रू ६८०६८।००भुक्तानी हुन पर्नेमा ज्यालाको दर अनुसार ५४०।७० का दरले रू ४०२३१८।००भुक्तानी भएको देखिएकोले बढी भुक्तानी हुन गएको रू ३३४२५०।०० असुल गरी संघिय संचित कोष दाखिला गर्नु पर्ने देखिएको रू..........</td><td>३३४,२५०</td></tr>
<tr><td>४८.१<br>२</td><td></td><td></td><td>पुरानो कार्यको नयाँ नापी :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को ६ मा लाभग्राही समुदायले गरेको कामको मुल्याङ्कन बिवरण सार्वजनिक निकायमा पेश गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले मोतिनगर मौरभयौना हे. पो.भुमिराज सडक मर्मत निमार्ण कार्यमा जिल्ला सम्न्वय समितिले मिति २०७८।११।१८ मा पठाएको पत्रको आधारमा आर्थिक बर्ष २०७४।७५ मा कार्य सम्पन्न भएको कामको आर्थिक बर्ष २०७८।७९ मा फिल्ड नापजाच र उपभोक्ता समिति गठन गरी भौचर न ४५।२०७८।१२।१८ बाट भुक्तानी भएको रू ४०८००८१।००वास्तबिक कार्य हो भन्न सकिएन । यसरी पुरानो कार्य नया नापी गरी भुक्तानी दिने प्रक्रिया नियमसंगत देखिएन ।</td><td>४,०८०,०८१</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सडक मर्मत अभिलेख<br>पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथामिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरु योजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>अनुत्पादक खर्चः</td><td>१५,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले विभिन्न कर्मचारी तथा जनप्रतिनिधिलाई रिचार्ज गरेवापत सुरेन्द्र सिह धामिलाई अनुत्पादक प्रयोजनमा रु. १५०००.० खर्च गरेको नियमसम्मत मान्न नसकिएको रु | |
| ५१ | | | **परामर्श तथा अन्य ब्यहोरा** | |
| ५१.१ | | | **प्रस्ताव मुल्याङकन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ मा प्राबिधिक प्रस्ताव मुल्याङकन गर्दा मुल्यांकन समितिका प्रत्येक सदस्यले छुटटाछुटै मुल्याङकन गरी प्रस्तावदाताले प्राप्त गरेको अकं एकिन गर्नु पर्नेछ र त्यसरी प्राप्त गरेको अकं औषतमा निकाली एकिन गरी उत्तिर्णाक प्राप्त गर्ने प्रस्तावदाताको सुची तयार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले सो नगरी सयुक्त रुपमा ७ वटा कार्यको समितिले अकं प्रदान गरी सोही अकंलाई आर्थिक प्रस्तावमा समापेश गरेको देखिन्छ । यसरी कानुनमा उल्लेख भएको ब्यवस्था पालना नगरी सोझै मुल्याकंन गरी निधारण गरेको अकं वास्तविक हो भन्न सकिने अवस्था देखिएन । जसले गर्दा परामर्शको पर्स्ताव वास्तबिक प्रतिस्पर्धा भएको हो भन्न सकिएन । | |
| ५१.२ | | | **डीपीआर खर्च**:सार्वजनिक खरिद नियमाली २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने र बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ । यस स्थानीय तहले यो बर्ष सो ब्यवस्थाको पालना नगरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको देखिन्छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| धुलिधार पपिता सडक डिपिआर | प्रोसेस ई सर्भिस प्रा. लि. | ९०४००० | ७९९९९४ | ९७४५८१८।७४ |
| सेरारिगा सिचाई डिपिआर | कुईस्ट प्राज्ञ लिज्ञ ई. | ५०२८५० | ४९७९९९ | २०६९५००० |
| बिजुली लिफ्ट खा.पा.डिपिआर | के,एस ई प्रा. लि. | ५००००० | ४९७९९९ | २६५५००३२।४ |
| सिउडे हे पो.सोलर लिफ्ट खा.पा. | जे डि ग्रुरुप कम्पनी | १३१६४५ | १२८८२० | ५४३०६३५।४६ |
| उच्कोट बिधालय भवन डिपिआर | बिरबटल ई कन्सल्टेन्सी | ५००००० | ४९०४२० | ३३८००४१९।७८ |

| | | | | |
|---|---|---|---|---|
| कार्यालय भवन निर्माण | बि एण्ड बि ई सर्भिस | ४९०००० | ४७०००० | ८१९५९२८६७० |
| १० सैया अस्पताल | माइलस्टोन कन्सल्टेनसी | १६९०००० | १६९०००० | १६,८०,५९,८९६।८५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।अतः परामर्श कार्यको लागि भएको खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

५१.३ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | शितभण्डार भवन निर्माण | शितभण्डार भवन निर्माण उ.स. | ३५८१६१३ |
| २ | राष्टिय बिधुतलाईन प्रसारण | राष्टिय बिधुतलाईन प्रसारण उ.स. | ८००००० |
| ३ | नबिकरणीय उर्जा प्रबिधि जडान | नबिकरणीय उर्जा प्रबिधि जडान उ.स. | ८७४७५३ |
| ४ | प्रतिघर धुरी खानेपानी योजना | प्रतिघर धुरी खानेपानी योजना उ.स. | ९००००० |
| ५ | कमेडापानी धर्मघर लीफ्ट खानेपानी योजना | कमेडापानी धर्मघर लीफ्ट खानेपानी उ.स | ५००००० |

५१.४

५१.५ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

५२ **विविधतर्फ**

| | | | | |
|---|---|---|---|---|
| ५२.१ | | | **कर बिजक वेगरको भुक्तानीः** गो. भौं. नं. ५।२०७८।१०।१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको पुँजीगतबाट झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम अन्तर्गत कक्स्याली सीमसार झो पु र गुने बगर ट्रष्ट पुलको लागि सम्झौंतानुसारको गैरसरकारी संस्था श्री अनिरुद्र ग्रामिण सुधार केन्द्रलाई प्रथम किस्ता वापतको रकम रु. ९८,८९७.०० कर बीजक वेगर नै भुक्तानी दिइएको देखिन्छ । सम्बन्धीत गैर सरकारी संस्थाको मु. अ. कर समायोजन पत्र पेश गर्नु पर्दछ । | ९८,८९७ |
| ५२.२ | | | **उपभोक्ता समितिको कम सहभागिताः** गो भौं नं ६।२०७८।१०।१८ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट दङ्गाल झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति सुर्नया ७ बैतडीलाई कुल मुल्याङ्कित रकम रु. २३,३१,३०७.४० बाट रकम रु. ४,००,०००.०० पे फ गरी बाँकी रकम भुक्तानी गर्दा कार्यालयसँग उपभोक्ता समितिले गरेको सम्झौंता बमोजिमको लागत सहभागिताको अंश रकम रु. ७७,१२५.०० न्युन कट्टी गरी भुक्तानी भएको देखिन्छ । यसर्थ उपभोक्ता समितिलाई बढी भुक्तानी भएको असुल हुनुपर्ने रकम रु. ७७,१२५.०० | ७७,१२५ |
| ५३ | | | **कोभिड १९ प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरणः** | |
| ५३.१ | | | **बैंक खातामा निकासा नभएकोः**<br>कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ अनुसार कोभिड १९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा अतिविपन्न परिवारको तत्कालको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न नगद राहत उपलब्ध गराउने सरकारको उदेश्य रहेको छ ।कार्यालयले कार्यविधी विपरित देहाय बमोजिम ८ वटै वडाका ६८२ अतिविपन्न परिवार संख्यालाई रु. ४०,१९,७०८/- बैंक खातामा नभई हातहातै नगद वितरण गरेको पाईयो । | |
| ५३.२ | | | **तोकिएको संख्याभन्दा बढी भएकोः**<br>कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ अनुसार यस गाँउपालिकाको लाभग्राही परिवार संख्या ४०२ तोकिएकोमा यस पालिकाले कार्यापालिका निर्णयानुसार ६७० वटा निवेदन पेश हुन आएकोमा निवेदन पेश भएका लाभग्राहीलाई दामाशाहीका हिसाबले दिने निर्णय गरेता पनि लेखापरीक्षणको क्रममा ८ वडाका ६८२ परिवार संख्यालाई भुक्तानी गरी तोकिएको संख्या भन्दा २८० बढी परिवार संख्या कायम गरि नगद हस्तान्तरण गरेको पाईयो । | |
| ५३.३ | | | **नियम विपरित खर्च भएकोः**<br>कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ अनुसार राहत स्वरुप प्रति परिवार दश हजार रुपैंयाका दरले प्रदान गर्ने व्यवस्था रहेता पनि सम्पुर्ण वडामा ६८२ जनालाई रु ५८९४/- को दरले वितरण गरेको पाईयो जस्ले गर्दा वास्तविक लाभग्राहीको छनौट भए नभएको र एकै परिवारमा हस्तान्तरित रकम दोहोरो परेको हो होईन यकिन हुन सकिएन । कार्यविधि विपरित खर्च भएको रकम नियमसम्मत मान्न नसकिएको रु | ४,०१९,७०८ |

| वार्ड नं | लाभग्राही संख्या | हस्तान्तरित रकमको दर | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ४० जना | ५८९४/- | २३५७६०/- |
| २ | ८३ जना | ५८९४/- | ४८९२०२/- |
| ३ | १०१ जना | ५८९४/- | ५९५२९४/- |
| ४ | ४६ जना | ५८९४/- | २७११२४/- |
| ५ | १०९ जना | ५८९४/- | ६४२४४६/- |
| ६ | १०८ जना | ५८९४/- | ६३६५५२/- |
| ७ | ४३ जना | ५८९४/- | २५३४४२/- |
| ८ | १५२ जना | ५८९४/- | ८९५८८८/- |
| जम्मा | ६८२ | ४७१५२/- | ४०१९७०८/- |

५४

**पेश्की बाँकी**

आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.

२,९००,०००

| **सि नं** | **पेश्कि लिनेको नाम** | **पद/ठेगाना** | **प्रयोजन** | **रकम रु** |
|---|---|---|---|---|
| | **म्याद नाघेको पेश्की** | | | |
| १ | कक्स्याली सिमार स्टिल ट्रस पु उ स | | कक्स्याली सीमार झो पु घट्टेबगर दंगाल र धोल्पागाड, गुनेबगाद कठमंदिगाद झोपु सुर्नया गाउँपालिका | १,७०,००० |

| | | | | |
|---|---|---|---|---|
| २ | हटैराज स्वास्थ्य चौकी भवन निर्माण उ स | | वडा नं १ हटेराजस्वास्थ्य चौकी भवन निर्माण भुक्तानी | ११,१०,००० |
| ३ | मल्ला ढोले देउलाड चौपाता डाँडा खानेपानी योजना | | मल्ला ढोले देउलाड चौपाता डाँडा खानेपानी | १,६०,००० |
| ४ | निरपात खोदाई रतनतुरी मन्दिर बलगडी शिवालय नि यो उ स | | निरपात खोदाई रतनतुरी मन्दिर बलगडी शिवालय निर्माण सुर्नया | २,७०,००० |
| ५ | मौरेखोला खा पा मर्मत योजना निर्माण उ स | | भौतिक निर्माण | ४०,००० |
| ६ | गुने बगर ट्रस्ट पुल निर्माण उ स | | कक्स्याली सीमार झो पु घट्टेबगर दंगाल र धोल्पागाड, गुनेबगाद कठमंदिगाद झोपु सुर्नया गाउँपालिका | ३,२६,००० |
| ७ | कुमारी हिरा भट्ट | | अपाङ्ग लक्षित कार्यक्रम | ६२,००० |
| ८ | कुमारी हिरा भट्ट | | महिला लक्षित कार्यक्रम | २,६२,००० |
| ९ | निरन्जन विष्ट | | सभा सञ्चालन खर्च | १,००,००० |
| १० | सुरेन्द्र सिंह धामी | | स्थानीय तहका स्वास्थ्य चौकी,प्रा.स्वा.के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव महंगी भत्ता, स्थानीय भत्ता पोषण लगायत प्रशासनिक खर्च समेत | ४,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | **जम्मा** २९,००,००० | |
| ५५ | | | **कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदान**<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ। | |
| ५६ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा सम्बन्धित पालिका र भत्ता बितरण गर्ने बैंक दुबैलाई जिम्मेवार बनाएको छ। यस कार्यक्रमको लेखापरीक्षण गर्दा पालिकाले नेपाल ईन्भेष्टमेन्ट बैंक लि. सतबाँज शाखाले मिति २०७९।५।३१ पालिकालाई दिएको पत्र बाहेक अन्य गोश्वारा भौचर लगायत आवश्यक कागजात पेश गरेन। उक्त पत्र अनुसार सामाजिक सुरक्षामा जम्मा रु. ७,७७,४४,८३६.०० निकासा भएकोमा रु. ७,४१,३८,८६४.०० भत्ता लाभग्राहीहरुको बैंक खातामा जम्मा गरेको र बाँकी रहेको रु. ३६,०५,९७२.०० चेक नं ००००१६२७६३ बाट गाँउपालिकाको नाममा चेक खिचि पठाएको भन्ने व्यहोरा उल्लेख छ। अतः पालिकाबाट श्रेस्ता उपलब्ध नभएको अवस्थामा खर्च र मौज्दात यतिनै हो भनि यकिन गर्न सक्ने अवस्था भएन। अतः पालिकाले यस सम्बन्धमा आवश्यक छानविन गरि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई बैंकको पत्र अनुसार बाँकी रहको रकम सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रकम रु. | ३,६०५,९७२ |
| ५७ | | | **धरौटी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६६ तथा ६७ मा धरौटी फिर्ता सम्बन्धी व्यवस्था बमोजिम धरौटी फिर्ता गर्दा सम्बन्धित पार्टीबाट भुक्तानी भएका वर्षको करचुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धी कर समायोजन पत्र प्राप्त गरेको हुनुपर्ने व्यवस्था भएपनि पालिकाले करचुक्ता प्रमाणपत्र, कर समायोजन पत्र लगायतका कुनै पनि कागजपत्र नभई धरौटि फिर्ता गरेको पाईयो। पालिकाले आवश्यक कागजपत्र पुरा भएपछि मात्र धरौटी फिरर्ता गर्नु पर्ने देखिन्छ। केहि उदाहरण देहायबमोजिम छन्:<br>मिति \| भौचरनं \| नाम \| धरौटीफिर्ता रकम<br>२०७८।७।१६ \| ९ \| कैलपाल कन्सट्रक्सन \| १,४९,४८४<br>२०७८।९।७ \| १० \| दिपक (विशाल) निर्माण सेवा \| २,७३,००२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७८।९।७ | ११ | इन्द्र धनु निर्माण सेवा | २,३८,४७६ | |
| | | | २०७८।९।७ | १२ | चक्र निर्माण सेवा | १,३६,५६६ | |
| | | | २०७८।९।७ | १३ | हटैराज कन्स्ट्रक्सन प्रा.लि. | ४,०४,८९१ | |
| | | | २०७८।९।११ | १४ | भुमिराजउदयदेव निर्माण सेवा | १,४८,९१४ | |